मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक ३४६ | २०८० साल कार्तिक १६ गते बिहीबार | Thursday 02, November 2023 | सूर्योदय: बिहान ६:१५ बजे | सूर्यास्त: साँझ ५:२२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# पेचिलो बन्दै स्वर्णकार हत्याकाण्ड

## राधा 'योजनाकार' भन्नेमा मृतकका परिवार असहमत

मुख्या योजनाकारः राधा गुप्ता
वारदातः गोली प्रहार गरी हत्या
मृतकः रुपेश स्वर्णकार
सहयोगीहरुः जामिल अख्तर, रियाज अन्सारी, चन्दन यादव, अभिनव कुमार सिंह
मुख्य अभियुक्तः सुजित कुमार सिंह,
सुटरहरुः चञ्चल पाण्डे, मनिष कुमार सहनी र कामेश्वर सहनी





**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कलैयास्थित बाल एकता बोर्डिङ स्कुलका सञ्चालक रुपेश स्वर्णकारको हत्याका मुख्य योजनाकारसहित पाँचजनालाई प्रहरीले बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ । घटनामा आठ व्यक्तिको प्रत्यक्ष संलग्नता रहेको भेटिएको छ ।

कलैया, भरतचोक नजिकै सोमबार दिउँसो निजी विद्यालयका सञ्चालक स्वर्णकारको हत्यामा संलग्न मुख्य योजनाकारका रुपमा प्रहरीले कलैया उपमहानगर पालिका वडा नम्बर २ कि २२ वर्षीया राधा गुप्तालाई सार्वजनिक गरेको छ । उनका सहयोगीका रुपमा कलैया नगरपालिका वडा नम्बर ६ मदर्सा टोलका ३४ वर्षीय जामिल अख्तर, कलैया उपमहानगरपालिका वडा नम्बर ९ रामपुरका २६ वर्षीय रियाज अन्सारी, सर्राफलाई गोली प्रहार गर्ने समूहका सदस्य भारत, पूर्वी चम्पारण मोतिहारी थाना घोडासहन जागिराकोटी गाउँका २३ वर्षीय चन्दन यादव, भारत घोडासहनकै ३३ वर्षीय अभिनव कुमार सिंहलाई पनि प्रहरीले सार्वजनिक गरेको छ ।

घटनाका मुख्य अभियुक्त एवम् गोली प्रहार गर्ने भारत, मोतिहारी, दर्पा थाना वडा नम्बर १, सुक्लहियाका २५ वर्षीय सुजित कुमार सिंह, सुटरहरु भारतकै सोही स्थानका २४ वर्षीय चञ्चल पाण्डे, २२ वर्षीय मनिष कुमार सहनी र २० वर्षीय कामेश्वर सहनी रहेको र उनीहरु फरार रहेको प्रहरी उपरीक्षक सुरेश प्रसाद काफ्लेले जानकारी दिए ।

अभियुक्तहरुलाई पक्राउका लागि भारतीय काउन्टरपार्टसँग समन्वय भइरहेको प्रहरी उपरीक्षक काफ्लेले बताए । प्रहरी उपरीक्षक काफलेले स्वर्णकार हत्या प्रकरणमा अनुसन्धानबाट पक्राउ परेकी राधा गुप्ता विगत ३ वर्षदेखि भारत बस्ने मनोज गुप्तासँग विवाहेत्तर प्रेम सम्बन्धमा रहेको र सोही विषयमा मनोज र मृतक स्वर्णकारसँग विवाद र झैझगडा हुने गरेको अवस्थामा अचानक सोमबार गोली प्रहार गरी हत्या भएको बताए । दुई विवाहित व्यक्तिले एकसाथ एक किशोरीसँग प्रेम सम्बन्धमा रहन पुग्दा घटना भएको अनुमान प्रहरीले गरेको छ । स्वर्णकारलाई गोली हान्ने व्यक्ति पेशेवर सुटर रहेको पनि प्रहरीले जनाएको छ । प्रहरीले हत्यामा प्रत्यक्ष संलग्न ८ जना भए पनि पाँच जनालाई पक्राउ गरिएको जनाएको छ ।

## खोइत सार्पसुटर र योजनाकार ?



रुपेश स्वर्णकार हत्या योजनामा गोली प्रहार गर्ने सुटरहरु पक्राउ गर्न बारा प्रहरी असफल भएको छ । उसो त पक्राउ परेकामध्येमा मनोज गुप्ता पनि छैनन् । घटनामा मुख्य दोषी र योजनाकार भनिएका मनोज गुप्ताबारे प्रहरीको मौनता देखिन्छ । उनको संलग्नता छैन पनि भनेको छैन र उनीबारे केही बोलेको छैन । गोली प्रहारमा संलग्न सार्पसुटरहरु पनि फरार छन् । राधाको योजनामा हत्या भनिए पनि के कारण राधाले योजना बनाइन् भनेर प्रहरीले कारण दिन सकेको छैन । राधासँग पक्राउ परेकाहरु कोही पनि सुटर होइनन्, सहयोगीहरु मात्रै हुन् ।

## आफन्तद्वारा प्रहरीको अनुसन्धानको विरोध



रुपेश स्वर्णकारका आफन्तले भने प्रहरीले घटनाको सुक्ष्मरुपमा अध्ययन नगरी सुनियोजित तरिकाले दोषीलाई उम्काउने र निर्दोषलाई फसाउने काम गरेको आरोप लगाएका छन् ।

मृतकका परिवारले घटनाको मुख्यदोषी मनोज गुप्तासहित गोली प्रहार गर्ने सुटर फरार भएपछि राधा गुप्तालाई मूलपात्र बनाएर विद्यालयका निर्दोष शिक्षकहरुलाई पक्राउ गरी घटनाको अनुसन्धानबाट प्रहरी उम्कन खोजेको आरोप लगाए । पीडित परिवारले गोली प्रहार गर्ने हत्यारा र मुख्ययोजनाकार भारतीय भएको हुँदा उनीहरुलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउन माग गरे । प्रहरीले चौतर्फी दबाब बढेपछि विद्यालयका शिक्षकलाई हत्यामा सहयोग गरेको भन्दै पक्राउ गर्नुले प्रहरीको अनुसन्धानप्रति आफूहरुलाई विश्वास नलागेको बताएका छन् ।

यति मात्र होइन, परिवारजनले प्रहरीले युवतीसँग नाम जोडेर मृतक रुपेश र आफूहरुको चरित्र हत्या गरेको आरोप लगाएका छन् ।

रुपेशका दुई दाजुले पत्रकारहरुसँग कुरा गर्दै प्रहरीको अनुसन्धानमाथि प्रश्न उठाए । रुपेशका दाजु सुबोधले युवतीसँगको प्रेम सम्बन्धका कारण भाईको हत्या भएको भन्ने प्रहरीको दाबी झुठो रहेको जिकिर गरे । उनले भने, 'पक्राउ परेकी राधा गुप्तासँग भाइको कुनै प्रेम सम्बन्ध थिएन ।' प्रहरीले भनेजस्तो रुपेशको चरित्र नभएको उनको दाबी थियो । सुबोधले भने, 'प्रहरीको अनुसन्धानप्रति हामीलाई चित्त बुझेको छैन ।'

## २४ घण्टापछि पत्रकार सम्मेलन



जिल्ला प्रहरी कार्यालय बाराले मंगलबार नै पत्रकार सम्मेलन गरेर तथ्य सार्वजनिक गर्ने भनेको थियो । घटनामा कति जना समातिए भन्ने पनि यकिन थिएन ।

मिडियापिच्छे र प्रहरी अधिकृतपिच्छेका तथ्य आएका थिए । कति भारतीय, कति नेपाली भन्नेसम्म थिएन । यतिसम्मकि, राधा गुप्ताको नामसमेत प्रहरीले सार्वजनिक गरेको थिएन । मधेशदृष्टिको अनलाइन संस्करणमै राधा गुप्ता, भारतीय नागरिक मनोज गुप्ताको नाम सार्वजनिक भएको थियो । मंगलबार साँझसम्म पत्रकार सम्मेलन भएन । बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले पनि पत्रकारहरुलाई प्रहरीले तथ्य खोजिरहेको र प्रेम सम्बन्धकै कारण हत्या भएको तर्क गरे । सिडिओको भनाइसँगै मंगलबार साँझसम्म पत्रकार सम्मेलन नभएपछि प्रहरीले भ्याएन र सबै रहस्य बाहिर ल्याउने विश्वास सबैले गरे । तर बुधबार भएको पत्रकार सम्मेलनमा खास नयाँ कुरा आएन, मंगलबारको चर्चा भएको पात्र र घटना नै 'हो' भन्दै प्रहरीले औपचारिकता पूरा गर्‍यो । यति मात्र होइन, प्रहरीले मनोज गुप्ताको संलग्नताबारे केही नबताउनु अरु रहस्यमयी बनेको छ ।

### अनशन बीसौँ दिनमा

# अनशनकारी बिरामी सरोकारवाला मौन

*सप्तरीसहित अन्य जिल्लाको आर्थिक, सामाजिक शैक्षिकलगायतका वृहत हित गर्ने प्रतिष्ठानको कामकाज अविलम्ब चालु गर्न, मन्त्रिपरिषद्को निर्णयबाट गठन आदेशबमोजिम गठित पूर्वाधार विकास निर्माण समितिको म्याद थप्न, अध्यक्षलगायत कर्मचारी तुरुन्त नियुक्त गर्न, प्रतिष्ठान निर्माणका लागि तुरुन्त आवश्यक बजेट व्यवस्था गर्न, प्रतिष्ठानको विस्तृत परियोजना प्रतिवेदनबमोजिम निर्माणलगायतका अन्य काम अविलम्ब सुरु गर्न माग राखेर अनिश्चितकालीन अनशन सुरु भएको हो ।*




**अनिल पोखरेल**
**सप्तरी ।**
लामो समयदेखि अवरुद्ध रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अघि बढाउन मागसहित रिले अनशन सुरु गरेको २० औँ दिन बितिसक्दा समेत कुनै सुनवाइ भएको छैन ।

राजविराज नगरपालिका–१० विरौलस्थित प्रतिष्ठानको निर्माण अलपत्र पार्दै अन्य कामसमेत रोकिएकाले अविलम्ब काम सञ्चालन गर्नुपर्ने मागसहित निर्माणस्थलमा अनिश्चितकालीन रिले अनशन सुरु गरिएको हो । २० औँ दिनदेखि प्रतिष्ठानको निर्माणस्थलमा विभिन्न पाँचसूत्रीय माग राखेर गरिएको अनशन बुधबार पनि जारी रह्यो ।

स्थानीय समाजसेवी रामकुमार दासको नेतृत्वमा अनशन सुरु गरिएको हो । खाँडो पुल नजिक प्रतिष्ठान निर्माणका लागि ६२ बिघा जग्गा अलपत्र अवस्थामा छाडिएको भन्दै काम छिटो सञ्चालन गर्नुपर्ने मागसहित अनशन जारी राखिएको दासले बताए । शिलान्यास भएको दुईवर्ष पाँच महिना बितिसक्दा निर्माण अलपत्र परेको भन्दै प्रतिष्ठान निर्माण यथाशीघ्र बढाउन, पूर्वाधार तयारी विकास समितिमा रिक्त पदमा पदाधिकारी र कर्मचारी नियुक्त गर्न, निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्र्नलगायत पाँचबुँदे माग अघि सार्दै रिले अनशन जारी राखिएको स्थानीय सुनिल मण्डलले बताए ।

मंगलबार पत्रकार महासङ्घको टोली जाँदा दुई जना अनशनकारी बिरामी भएर स्लाइन पानी चढाइरहेका थिए । अनशनकारी बस्ने सामान्य त्रिपाल र भूइँमा त्रिपालमा बस्न बाध्य रहेकाले प्रत्येक दिन अनशनकारी बिरामी हुने गरेको संयोजक दासले गुनासो गरे । अनशन शुरु गरेको दिनदेखि विभिन्न माननीय, मन्त्रीलगायत उच्चतहका व्यक्तिले समर्थन जनाए पनि व्यवस्थापनप्रति कसैले ध्यान नदिएको दासले गुनासो गरे । अनशनप्रति सप्तरी क्षेत्र ३ का प्रतिनिधि सभा सदस्य सिके राउत, मधेश प्रदेश सरकारका शिक्षामन्त्री महेशकुमार यादवले समर्थन जनाए पनि व्यवस्थापनमा चासो नदेखाएको दासले गुनासो पोखे । यता प्रतिष्ठान निर्माणमा राजविराज नगरपालिकाको पूर्ण अधिकार रहे पनि अनशन थालेपछि कुनै पनि जनप्रतिनिधिको समर्थन र सहयोग नरहेको दासले गुनासो गरे । नगर प्रमुख वा वडाका समेत कोही पनि अनशन स्थल पुगेका छैनन् ।

प्रतिष्ठानले घेरेको ६२ बिघा जग्गा खाली हुँदा टोलमा डरलाग्दो अवस्था सिर्जना भएको दासले बताए । सप्तरीसहित अन्य जिल्लाको आर्थिक, सामाजिक शैक्षिकलगायतका वृहत हित गर्ने प्रतिष्ठानको कामकाज अविलम्ब चालु गर्न, मन्त्रिपरिषद्को निर्णयबाट गठन आदेशबमोजिम गठित पूर्वाधार विकास निर्माण समितिको म्याद थप्न, अध्यक्षलगायत कर्मचारी तुरुन्त नियुक्त गर्न, प्रतिष्ठान निर्माणका लागि तुरुन्त आवश्यक बजेट व्यवस्था गर्न, प्रतिष्ठानको विस्तृत परियोजना प्रतिवेदनबमोजिम निर्माणलगायतका अन्य काम अविलम्ब सुरु गर्न माग राखेर अनिश्चितकालीन अनशन सुरु भएको हो ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीतिअनुसार २०७५ साल पुस १६ गते मन्त्रिपरिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागि २०७८ जेठ २१ गतेको मन्त्रिपरिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका–१० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागि लिजमा लिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि जग्गामा २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुअल माध्यमबाट शिलान्यास गरे ।

प्रतिष्ठानको पूर्वाधार तयारी विकास समिति कार्यालयको लागि आर्थिक वर्ष २०७५÷७६ देखि हालसम्म १६ करोड १० लाख रुपैयाँ बजेट विनियोजन भएको थियो । जसमध्ये ३ करोड १६ लाख ४७ हजार रुपैयाँ खर्च भएको छ भने १२ करोड ९३ लाख ५२ हजार रुपैयाँ खर्च हुन नसकेर फिर्ता भएको छ । ११ अर्ब ९८ करोड रुपैयाँको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न हुने भनिएको थियो ।

## विदेहका मेयर दास र प्रदेशसभा सदस्य दासमाथि गम्भीर आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादीका नेता तथा विदेह नगरपालिकाका मेयर प्रत्यासी राजकिशोर यादवले विदेहका मेयर बेचन दास र मधेश प्रदेशका लखन दासको चरित्रमाथि गम्भीर आरोप लगाएका छन् । यादवले पत्रकार सम्मेलनमार्फत मेयर दास र उनकै भाइ प्रदेशसभा सदस्य लखनमाथि गम्भीर आरोप लगाएका हुन् । दुईदिन पहिले विदेह नगरपालिकाको तीनकोरिया चोकमा जनमत पार्टीका नेता सुरेश मण्डलमाथि कुटपिटका सम्बन्धमा विवादको योजनाकार राजकिशोर यादव रहेको भन्ने आरोप लगाइएपछि यादवले पत्रकार सम्मेलनमार्फत दुवै भाइको चरित्रचित्रण गरेका हुन् । यादवले दुवै भाइमाथि नक्कली पैसाको कारोबारदेखि लिएर हत्यासम्मको आरोप लगाए । उनले भने, 'सबैको प्रमाण छ ।' प्रदेशसभा सदस्य

बाँकी पृष्ठ २ मा

# निधिको स्व्याटसले हुम्लावासीलाई सीमामा तनाव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य विमलेन्द्र निधि नेपाल–चीनको सीमानाकाको अनुगमनको क्रममा कर्णाली प्रदेशको हुम्ला पुगेर चीनले अतिक्रमण गरेको भनेर सामाजिक सञ्जालमा लेखेपछि स्थानीयवासीलाई सीमावर्ती क्षेत्रमा आवागमनमा सास्ती खेप्नु परेको छ ।

बडादशैँका बेला सीमानाका अनुगमनक्रममा भारतलाई रिझाउनका लागि कांग्रेसका पूर्वउपसभापति निधिले सामाजिक सञ्जालमा पोस्ट गर्दै चीनले भूमि अतिक्रमण गरेको भनेर पोस्टसमेत गरेका थिए । तर कांग्रेस नेता निधिले सामाजिक सञ्जालमा लेखेकै कारण अहिले हुम्लाबासीले समस्या भोग्नु परेको कर्णाली प्रदेशका पूर्व सामाजिक विकास मन्त्री दल रावलले बताए ।



पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्रीसमेत रहेका कांग्रेस नेता बिमलेन्द्र निधिले हुम्ला पुगेर हल्का तरिकाले भूमि अतिक्रमण गरेको भनेर बोलेपछि सीमा क्षेत्रका जनतालाई समस्या सिर्जना भएकोमा सस्तो लोकप्रियता तथा छिमेकलाई रिझाउनका लागि जथाभावी टिप्पणी नगर्न एमालेका नेतासमेत रहेका रावलले आरोप लगाउँदै टिप्पणी गरे ।

उनले निधिजस्तो सम्मानित नेताले सीमाको विषयमा वास्तविकता नबुझेर सार्वजनिक खपतका लागि सीमाजस्तो संवेदनशील विषयलाई प्रस्तुत गर्नु र हल्का ढंगले लिनु कदापि मर्यादित र शोभनीय काम नभएको बताए । असोज २४ गतेदेखि करिब एक साता निधिले हुम्लामा बिताएका थिए । उनले चीनले हुम्लामा नेपाली भूमि अतिक्रमण गरेको देखिएको एक्समा फोटोसहित स्व्याटससमेत लेखेका थिए । उनले भूमि अतिक्रमण आफ्नै आँखाले देखेको दाबी गरेका थिए । एमाले नेता रावलले नेपाल–चीन सीमा समस्याबारे निधिका खाली–आँखाले हेर्नू र खाली–मुखले बोल्नुभन्दा दुईपक्षीय कूटनीतिक पहलका लागि सरकारलाई सुझाउन आग्रहसमेत गरे ।

उनले निधि रहेकै पार्टी गठबन्धनको सरकार रहेकाले सीमासम्बन्धी समस्याका संवैधानिक र कूटनैतिक व्यवस्था र मान्यताहरु रहेकाले बोल्नु भन्दा राम्रो समस्या समाधान तर्फ अग्रसरता लिन सुझाए । नेपालको संविधानको अनुसूची–५ को क्रम संख्या ७ मा अन्तर्राष्ट्रिय सीमासम्बन्धी एकल अधिकार संघ सरकारलाई रहेको छ । अन्तर्राष्ट्रिय सीमा दुई–देश बीचको साझा विषय रहेको र सीमा स्तम्भ दुई–देश बीचका साझा सम्पत्तिसमेत रहेको उनले बताए । तर सीमाजस्तो संवेदनशील विषयमा संवैधानिक र कूटनीतिका न्यूनतम मान्यतालाई बिर्सेर पटक पटक गरिने यस प्रकारका कार्यले अल्पलाभ भए पनि सीमा क्षेत्रमा बसोबास गर्नेलाई निकै सास्ती खेप्नु परिरहेको उनले बताए ।

एमाले नेता रावलले भने, 'एक स्वतन्त्र र सार्वभौम राष्ट्रका नाताले, देशको एक इन्च भूमि र एक मुठ्ठी माटो कोही कसैलाई दिन नसकिने तर आवश्यक र निर्धारित मापदण्डलाई छोडेर सार्वजनिक खपतका लागि सीमा जस्तो संवेदनशील विषयलाई प्रस्तुत गर्नु गलत मनसायले प्रेरित गरेको छ ।'

# विदेहका मेयर दास र प्रदेशसभा सदस्य........

दासमाथि आरोप लगाउदै यादवले माओवादी भूमिगत रहेको समयमा हठिपुरको खेत पटाउने किसानको दमकल चोरीमा संलग्नता रहेको र दानी मण्डलको दरबाजामा छलफलसमेत भएको बताए । दुइसयदेखि तीनसय बिघा जमीनको दलाली गरी एकरहियामा राम खत्वे, शिवुवा खत्वे, विजय खत्वेलगायत गरिबको घरटहरा हटाइ घरबारविहीन बनाएको र रामा हत्यामा लखन दासको पनि संलग्नता रहेको उनले आरोप लगाए । त्यसैगरी सिनेहा हत्याकाण्डमा प्रहरीको प्रतिवेदनले लखन दास मुख्य योजनाकार रहेकामा उनीमाथि अहिले पनि मुद्दा कायमै रहेको तथा अझै सफाइ पाउन बाँकी नै रहेको आरोप लगाए । आमजनतामा सिडिओ, एसपी र न्यायाधीश आफ्नै मान्छे हो भनेर धम्की दिँदै भ्रम फैलाउने लखनले तीनकोरियामा सोमन बंगालीको बिघौँ छुट जग्गा फर्जी गरी बेचबिखन गरेको उनले आरोप लगाए ।

त्यस्तै, विदेह नगरपालिकाभित्र विद्यालयमा नगर शिक्षकमा ४७ जनालाई भर्ना गरी प्रत्येकसँग तीनलाख रुपैयाँ घुस लिएकोसमेत आरोप लगाइएको छ ।

त्यसैगरी नगरपालिकाका मेयर बेचन दासमाथि आरोप लगाउदै उनले भने, 'बेचन दास काठमाडौँमा धनुषा लज चलाई डलर भजाउने तथा विदेशबाट आएको पैसा लुट्ने व्यक्तिके रुपमा पहिचान बनाएका मान्छे हुन् ।' अवैध हातहतियारको कारोबारीसमेत रहेको उनी भारतीय जाली नोट प्रकरणमा भारतमा जेल जीवन पनि व्यतित गरिसकेको यादवले आरोप लगाए । जनआन्दोलनअगाडि उनको पिताको नाममा तीन कठ्ठा जग्गा रहेको व्यक्तिको अहिलेको सम्पत्ति दश बिघा पुगिसकेको बताउँदै २०६८ सालमा सबैलाको रुदल दास नाम गरेको डाँका हठिपुरमा मारिदा समूहको मुख्य सञ्चालक बेचन दास रहेको आरोप यादवको छ । १५ वर्षअघि नेमुवा टोलको रामा साहको हत्यामा संलग्न बेचन दास र लखन दास समेतमाथि जिल्ला प्रहरी कार्यालय धनुषामा मुद्दा दर्ता भएको तर दुइवर्ष भारत फरार भइ बसेर पछि पैसाको आडमा हाजिर भएको बताउँदै यादवले अहिले पनि मुद्दा फैसला हुन बाँकी रहेको बताए । यादवले गिद्धा प्रहरी चौकीअगाडि भएको झडपमा दुवै भाईको पूर्ण संलग्नता रहेको र यसको साक्षी गिद्धा प्रहरी चौकी, खजुरीका इन्स्पेक्टर र यदुकोहाका इन्स्पेक्टर पनि रहेको दाबी गरे ।

# राज्यमन्त्रीको गाडीको ठक्करबाट तीन घाइते



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका मन्त्री चढ्ने गाडीको ठक्करबाट सर्लाहीमा तीन युवक घाइते भएका छन् । जसमध्ये एकको अवस्था गम्भीर छ ।

सर्लाहीको बरहथवा नगरपालिका–९, मुक्तेश्वर चोकमा मधेश प्रदेश सरकारका ऊर्जा, सिँचाई तथा खानेपानी राज्यमन्त्री शेख अबुल कलाम आजाद चढ्ने मधेश प्रदेश ०२–००१ झ ०२४० नम्बरको जिपले बा ४३ प १२६३ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको हो ।

दुर्घटनामा बरहथवा नगरपालिका ५ का १८ वर्षीय सुमन महतो, चन्द्रनगर गाउँपालिका–५ मोहनपुरका १८ वर्षीय दीपक महतो र बागमती नगरपालिका–१० शंकरपुरका १९ वर्षीय अजय महतो घाइते भएको प्रहरीले जनाएको छ । घाइते तीनै जनाको वीरगंजमा उपचार भइरहेको छ । तीन घाइतेमध्ये अजयको अवस्था चिन्ताजनक रहेको इलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ ।

दुर्घटनापछि गाडीका चालक फरार छन् । दुर्घटनापछि चालक र त्यसमा सवार अन्य व्यक्ति गाडी छाडेर फरार भएपछि आक्रोशित स्थानीयले गाडीमा तोडफोडसमेत गरेका छन् ।

# कात्तिक कृष्णपक्ष लागेसँगै कुमालेको व्यस्तता

रासस
महोत्तरी ।
चन्द्रमासले कात्तिक कृष्णपक्ष लागेसँगै मधेशका महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रमा कुमाले जाति समुदायको व्यस्तता बढेको छ । यसपक्षको अन्त्यमा पर्ने दीपावली र त्यसलगत्तै सु◌ुरु हुने छठपर्वमा माटाका भाँडाको माग बढ्ने आशले कुमाले यो पक्ष लागेसँगै व्यस्त भएका हुन् ।

दीपावली र छठपर्वमा कलश राखिने भाँडा, दियो, घडा (गाग्रो) र छ्याँची (दही जमाउने भाँडा)र ढकनासहित नयाँ माटाका भाँडा प्रयोग गरिने मैथिल परम्पराअनुसार अहिले यी भाँडा बनाउने काम कुमाले समुदायको प्राथमिकतामा परेको हो ।

वर्षभरि अन्यबेला खासै प्रयोगमा आउन छाडेका माटाका भाँडा पर्वविशेषमा मिथिला परम्परामा अनिवार्य जस्तै मानिन्छ । पर्व विशेषमा बत्ती बालिने दियो, कलश राखिने अङ्कुरा वा करुवा, पर्वका दही जमाइने छ्याँची, पर्वमा चढाइने सामग्री राखिने तौला र गाग्रीसहितका माटाका नयाँ भाँडा प्रयोग गर्ने स्थापित परम्परा छ । यस परम्पराले अहिले प्राचीन मिथिलाक्षेत्रका सबैजसो हटिया (बजार) मा अहिले माटाका भाँडाको बजार जम्दैछ ।

महोत्तरीको सुदूरउत्तरवत्र्ती मुख्य व्यापारिक केन्द्र बर्दिबासको मुख्यचोक र हटियामा अहिले २० वटाभन्दा बढी माटोका भाँडा पसल थापिएका छन् । अन्यबेला साप्ताहिक हाट लाग्ने दिनमात्र यी भाँडाका बजार लागे पनि अहिले कात्तिक कृष्णपक्ष सुरु भएसँगै दिनदिनै माटाका भाँडाको बजार जमेको बर्दिबास व्यापार सङ्घका महासचिव उत्तम श्रेष्ठ बताउँ छन् ।

मिथिला क्षेत्रमा माटाका नयाँ भाँडा शुभकार्य गर्न उत्तम हुने धार्मिक, सांस्कृतिक र सामाजिक मान्यताले चाडपर्वमा यसको माग बढ्ने गरेको यस क्षेत्रका उद्यमी व्यापारीको भनाइ छ । दीपावली र छठपर्वमा पूजाआराधनामा प्रयोग गरिने सामग्री माटाकै भाँडामा राखनधरन गरिने परम्पराले माटाका नयाँ भाँडाको कारोबारमा वृद्धि भएको यस्ता भाँडा बनाउने पेसाका कुमालहरूको भनाइ छ ।

भाँडा बिक्री भएसँगै आपूmहरूको दीपावली र छठपर्वको खर्च जोहो हुने गरेको कुमाल (माटाका भाँडा बनाउने मिथिला क्षेत्रका जातीविशेष) बताउँछन् । पर्वको मुख पारेर महोत्तरीका बर्दिबास, औरही, सीतापुर, रामगोपालपुर, गौशाला, सम्सी र जिल्ला सदरमुकाम जलेश्वरसहितका नगरमा माटाका भाँडाका स्थायी स्टल (पसल) नै राखिएका छन् । महोत्तरीबाहेकका मधेश प्रदेशका अन्य जिल्लाका बजारमा पनि माटाका भाँडा बिक्री हुँदै आएका छन् । माटाका भाँडा–वर्तनको बिक्रीका लागि दिवाली र छठ पर्वपूर्व उपयुक्त बेला मानिन्छ ।

विगतमा घर व्यवहार प्रयोजनमा बाक्लै माटाका भाँडा प्रयोग गरिने भए पनि अब दैनिक प्रयोजनमा यसको प्रयोग हुन छाडेको छ । यसैले चाडपर्वका लागि मात्र यसको माग हुने गरेको कुमाले बताउँछन् ।

मिथिलामा दीपावली, छठ, चौरचन र दसैँ माटाका नयाँ भाँडाको माग हुने मुख्य पर्व भए पनि यसको छुट्टै बजारको चहलपहल चाँही दीपावली र छठपर्वको मुखमा हुने गरेको छ ।

मिथिला क्षेत्रमा दुई दशक पहिलेसम्म माटाका भाँडा दैनिक प्रचलनमा रहे पनि त्यसयता प्लास्टिकका भाँडाको प्रयोग बढेपछि आपूmहरूको व्यवसाय चाडपर्व विशेषमा खुम्चिएको कुमाले बताउँछन् । अहिलेको कमाइले सालभरिको नगद खर्चको जोहो गर्नुपर्ने हुँदा काम भ्याइनभ्याइ परेको भङ्गाहा नगरपालिका–५ भूचक्रपुर बस्तीका काशीलाल पण्डित कुमालले बताए । दिवाली र छठपर्वका अवसरमा महोत्तरीका बजारमा ५० लाखभन्दा बढीको माटाका भाँडाको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका पदाधिकारीको अनुमान छ ।

कात्तिक कृष्णपक्षसँगै जमेको माटाका भाँडाको बजार छठसम्मै रहने र यस्ता सामानमा केही मूल्यवृ◌्द्धिसमेत भएको हुँदा यी पर्वभित्र जिल्लाभरिमा ५० लाखभन्दा बढीको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंह बताउँ छन् ।

# इटियाहीमा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बिन्दवासिनी गाउँपालिका वडा नम्बर ३ ठूलो इटियाहीमा बुधबार रक्तदान कार्यक्रम भएको छ । नेपाल स्काउट निम्न माध्यमिक विद्यालयले अध्यक्ष जयप्रकाश चौरसियाको सहयोगमा आयोजना गरेको रक्तदानमा २७ जनाले रगत दान गरेका छन् ।

रक्तदान कार्यक्रममा विवेक चौरसिया, मुकेश चौरसियालगायतकाले रगत दान गरेको रक्तसञ्चार केन्द्र वीरगंजले जनाएको◌े छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मुकेश कुमार चौरसियाको अध्यक्षता तथा नेपाली कांग्रेस बिन्दवासिनी गाउँपालिकाका सभापति विवेक चौरसियाको प्रमुख आतिथ्यतामा भएको रक्तदान कार्यक्रममा विद्यालयका शिक्षक, राजनीतिक दलका नेता, समाजसेवीलगायतको सहभागिता थियो ।

# आजदेखि सरकारी कार्यालय ४ बजेसम्म

**मधेशदृष्टि**
**वीरगंज ।**
आज अर्थात् कात्तिक १६ गते विहीबारदेखि देशभरका सरकारी कार्यालय बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म खुल्ने भएका छन् । बिहान १० बजेदेखि ५ बजेसम्म सञ्चालन हुँदै आएका सरकारी कार्यालय दिन छोट्टिएसँगै १ घण्टा छिटो बन्द हुन लागेका हुन् ।

गृह मन्त्रालयले राजपत्रमै सूचना निकालेर कार्यालय समय तय गरेको हो । कात्तिक १६ देखि माघ १५ सम्म कार्यालय समय बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म १०–५ सम्म सञ्चालन हुने उल्लेख छ । यही प्रावधानअनुसार, गृहले विहीबारदेखि आगामी माघ १५ गतेसम्मको कार्यालय समय छोट्याएको हो ।

शुक्रबार भने बिहान १० बजे खुलेर दिउँसो ३ बजे कार्यालय बन्द हुनेछ ।

# भारतीय सयपत्री निर्यात नहुने



**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले भारतीय सयपत्री मालाको आयात अनुमति पत्रको सिफारिस रोकेको छ । यससँगै तिहारमा भारतीय सयपत्री मालाको आयात नहुने भएको छ ।

बागमती प्रदेश सरकार, पुष्प विकास केन्द्र गोदावरीले सूचना प्रकाशित गर्दै यसवर्ष स्वदेशी उत्पादनले तिहारका लागि माग धान्नसक्ने देखिएका कारण भारतीय सयपत्री मालाको आयात अनुमति पत्रको सिफारिस गर्ने काम १ कात्तिकबाटै रोक लगाइएको जनाइएको छ । केन्द्रका अनुसार इजाजतपत्र बेगर आयात गरिएका वस्तु अवैध हुन्छन् ।

यसवर्ष सरकारी तथा निजी संस्थाको संयन्त्रबाट अनुगमन कडा गरिने र अवैध भेटिएमा जफत र दण्ड जरिवाना हुने भन्दै कार्यालयले सचेतसमेत गराएको छ । विरुवा तथा वनस्पतिसम्बन्धी सामग्री आयात गर्दा सम्बन्धित प्लान्ट क्वारेन्टाइन कार्यालयबाट प्रवेश अनुमति लिएर मात्र आयात गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

पुष्पजन्य सामग्री आयात गर्दा पुष्प विकास केन्द्रको सिफारिसमा मात्र प्रवेश इजाजत पत्र जारी हुने गरेको छ ।

# सूर्तिजन्य पदार्थ बिक्री वितरण नगर्न आग्रह

**मधेशदृष्टि**
**रौतहट ।**
गौर नगरपालिकाका मेयर शम्भु साहले विद्यालय वरपर मदिरा तथा सूर्तिजन्य पदार्थ बिक्री वितरण नगर्न चेतावनी दिएका छन् । मेयर साहले बुधबार नमुना जुद्ध मावि गौरको शैक्षिक गतिविधि र विकास निर्माण कार्य छड्के अनुगमन गरे ।

अनुगमनक्रममा विद्यालय वरपर रहेका पसलमा मादक पदार्थ, सूर्तिजन्य पदार्थ तम्बाकु, गुट्खा बिक्री वितरण नगर्न पसल सञ्चालकलाई उनले चेतावनी दिए ।

अनुगमनक्रममा प्रधानाध्यापक कामोद तिवारी, वडाध्यक्ष विनोद जयसवाल लगायतको उपस्थिति थियो । उनले जुद्ध मावि गौरको छात्राबास र जुद्ध क्याम्पसको समेत निरीक्षण गरे । स्तरीय तरिकाले जुद्ध क्याम्पस सञ्चालन गर्न शिक्षक तथा कर्मचारीलाई निर्देशन दिए । जीर्ण बन्दै गएको छात्राबास बुधबारदेखि सफा गरी निर्माणको कार्य सञ्चालन गर्न प्रधानाध्यापक एवम् वडाध्यक्षलाई मेयर साहले आग्रह गरे । अनुगमनक्रममा विद्यालय परिसर भन्दा बाहिर छेउमै रहेको क्यान्टिनभित्र विद्यालयका केही विद्यार्थी शङ्कास्पद अवस्थामा भेटेपछि प्रधानाध्यापक र शिक्षकको रोहवरमा विद्यार्थी र क्यान्टिन सञ्चालकलाई समेत सम्झाइबुझाई गरिएको थियो ।

# सामूहिक हत्याको सातादिन, कहाँ पुग्यो अनुसन्धान ?

**मुगु ।**
छायाँनाथ रारा नगरपालिका–६ मन्दु गाउँमा वंश नै नाश हुने गरी भएको सामूहिक विभत्स हत्या घटना भएको हप्ता दिन पुगेको छ । घटना भएको हप्ता दिन पुगिसक्दा पनि प्रहरी घटना कसरी घट्यो के कारण घट्यो र हत्यारा को हो भनेर अझै पत्ता लगाउन सकिरहेको छैन तर घटनाको सघन अनुसन्धान भइरहेको भने प्रहरीले बताउन छोडेको छैन ।

घटना गत ८ गते बुधबारको भए पनि प्रहरीले त्यसको दुई दिनपछि शुक्रबार बिहान ९ बजे स्थानीयवासीको सूचनापश्चात् प्रहरिले २८ वर्षीय आमा श्रीदेवी बोहोरा, ११ वर्षीय छोरा मनोज, आठ वर्षीय छोरी अप्सरा र आठ महिनाका छोरा रहर बोहोरालाई घरभित्रै मृतावस्थामा फेला पारेको थियो । वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेका मृतक श्रीदेवीका श्रीमान् दीपक बोहोर शनिबार घर पुगेपछि सोही दिन प्रहरीले चारै जनाको शवपरीक्षणका लागि जिल्ला अस्पताल मुगुमा पु¥याइयो ।

सोमबारसम्म चारवटै शवको परीक्षण गरिसकिए पनि मृतक श्रीमती र छोराछोरीको हत्यारा पत्ता नलागेसम्म दीपकले शव नबुझ्ने अड्को थापेपछि शवको दाहसस्कार हुन सकेको छैन । घटनामा जानकारी आएलगत्तै जिल्ला प्रहरी कार्यालय मुगुबाट प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापासहितको विशेष अनुसन्धान टोली घटनास्थलमा खटिएर हत्याको सुक्ष्म अनुसन्धान गरिरहेको छ ।

घटना मृत्यु नभइ सामूहिक हत्या भएको आशङ्का गरी प्रहरीले शनिबार ११ गतेदेखि कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको विशेष अनुसन्धान ब्यूरो टोली र कोहलपुरबाट तालिम प्राप्त कुकुरसहित खोज अनुसन्धान टोली खटिइ अनुसन्धान तीव्र बनाएको थियो । जुम्लाबाट पनि हत्या घटनाको अनुसन्धान कार्यलाई सघाउन प्रहरीको विशेष अनुसन्धान टोली मुगु पुगेको थियो ।

घटनाको प्रकृति, अनुसन्धानको प्रगतीबारे नजिकबाट बुझ्न कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकाल १२ गते घटनास्थला आफैँ पुगे ।

उनले भने, 'अनुसन्धानलाई सघन बनाएर लगिएको छ । सम्भव भएसम्मका सबै उपाय अवलम्बन गरेका छौँ । हत्यामा संलग्न दोषी पत्ता लगाउने तहसम्म जतिसक्दो चाँडो प्रहरी पुग्नेछ ।'

घटना भएको सिङ्गो गाउँलाई उच्च निगरानीमा राखेर अनुसन्धान गरिए पनि घटना भएको हप्ता दिन बितिसक्दा पनि खासै तथ्य भने प्रहरीले भेटाउन सकेको छैन । प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापाका अनुसार प्रदेश प्रहरीले प्रदेशभरिकै घटना गतिविधिमा मुगु घटनालाइ उच्च प्राथमिकता राखेर प्रदेश प्रहरी प्रमुख घटनास्थलमा पुगेका हुन् ।अनुसन्धानका क्रममा एक व्यक्तिलाई घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको छ । विभिन्न कोणबाट अनुसन्धान गर्दा सम्बन्धित व्यक्तिसँग भेरिफाइ गर्न कम्तीमा एकदेखि दुई दिनसम्म लाग्छ । चार÷चार जनाको हत्या भएको छ, कयौँ जनासँग सोधपुछ र भेरिफाइ गर्दा धेरै दिन लाग्नु अनौठो होइन ।

मुगु सुगम जिल्ला होइन यहाँ अनेकौ कठिनाइका बाबजुद काम गर्नुपर्छ एक त घटनाको सूचना प्रहरीसम्म ढिला पुग्यो, फोन, नेटले भनेको बेला काम गर्दैन, भौगोलिक कठिनाइका कारण अनुसन्धानसम्बन्धी क्रियाकलाप गर्न घटनास्थल, सदरमुकाम र आसपास क्षेत्रमा पटकपटक आवतजावत गर्न कठिनाइ छ । यस्तै विविध समस्याले अनुसन्धान प्रभावित भइरहेको थापाले भने । प्रहरीले अहिले प्राविधिक र मेनुल्ली दुई तरिकाबाट मुगु घटनाको अनुसन्धान भइरहेको बताएको छ । घटनाको प्रकृति हेर्दा श्रीदेवीले लगाएका गहना र उनले प्रयोग गर्दै आएको मोबाइल दुई फोन सेटमध्ये एक सेट भेटिए पनि अर्को भिज्युल स्मार्ट सेट नभेटिएकाले लुटपाट गर्ने मनसायले भन्दा अर्कै उद्देश्य र कारोबारले हत्या भएको हुनसक्ने अनुमान गरी प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गरिरहेको छ ।

प्रहरीले हालसम्म पनि घटनामा संलग्न व्यक्तिबारे ठोस प्रमाण फेला पार्न नसके पनि घटना अनुसन्धान कार्य जारी रहेकाले दोषी कुनै पनि हालतमा पत्ता लगाई छाड्ने प्रहरीले दाबी गरिरहेको छ । थापाले भने, 'कुनै क्लु नभेटाइ केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) मुगु झिकाउनु भनेको समय खेर फाल्नु हो । त्यसैले अहिले फिल्डमा खटिएको टोलीले हत्या र हत्याराबारे केही क्लु भेटाएमा थप अनुसन्धान गर्न सिआइवी टोली पनि मुगु आउनसक्छ ।'

शवको परीक्षण सोमबारै सकिएकोले अब घटनाबारे सुक्ष्म अध्ययन र अनुसन्धान हुने पनि थापाले जानकारी गराए । यता जिल्ला अस्पताल मुगुमा शव राख्ने कोल्ड हाउस नहँ◌ुदा शव गल्दै गएकाले समय मै दाहसंस्कार नभए अस्पताल क्षेत्रमा दुर्गन्धित फैलिने त्रासमा रहेको चिकित्सक अर्जुन भामले बताए ।

# ढुङ्गा गिट्टीको बिक्रीबाट राजस्व उठाउनै सकस



**रासस**
**देउखुरी ।**
दाङका दशवटै पालिकामा नदीजन्य पदार्थको अत्यधिक दोहन हुँदा पनि लक्ष्यअनुसारको राजस्व उठेको छैन । आर्थिक वर्ष २०७९÷८० को वार्षिक समीक्षा हेर्दा जिल्लाका दशवटै पालिकाले नदीजन्य पदार्थको राजस्व उठाउने लक्ष्य र सङ्कलनको अवस्था निकै दयनीय देखिएको छ । दाङका दुई उपमहानगरपालिकाले लक्ष्यभन्दा धेरै कम राजस्व सङ्कलन गरेका छन् । तुलसीपुर उपमहानगरपालिकाले नदीजन्य पदार्थ बिक्री गर्ने महत्वाकांक्षी लक्ष्य लिँदै पाँच करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएकामा जम्मा १४ लाख २३ हजार रुपैयाँ अर्थात २.८ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ । यस उपमहानगरपालिकाले आर्थिक वर्ष २०७९÷८० मा बबई नदीको पक्की पुलको पूर्वतर्फ, बबई नदी पक्की पुलको पश्चिमतर्फ, बबई नदीको सुकौरा मसानघाट क्षेत्र र ग्वारखोला बालुवाघाट क्षेत्रमा ठेक्का लगाएको थियो । घोराही उपमहानगरपालिकाले दुई करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेकामा १२ लाख ८१ हजार रुपैयाँ मात्रै उठाएको छ । यस उपमहानगरपालिकाले हापुर खोला अस्पारा घाटमा ठेक्का लगाएको थियो । त्यस्तै लमही नगरपालिकाले पनि अत्यन्तै न्यून मात्रामा नदीजन्य पदार्थबाट राजस्व उठाएको छ । लमही नगरपालिकाले आठ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएकामा ९० प्रतिशत कम अर्थात् ३२ लाख २३ हजार ९० रुपैयाँ रुपैयाँ मात्रै राजस्व उठाएको छ । राप्ती नदीको बुटकहवा घाट र अर्जुनखोला बन्गैघाट गरी दुई स्थानमा लमहीले ठेक्का लगाएको थियो । नदीको दिगो व्यवस्थापन र संरक्षण गर्दै खोलाको उच्चतम् प्रयोग र नियमित आम्दानीका लागि भन्दै दाङका स्थानीय तहहरुले गत वर्षदेखि सम्बद्र्धन प्रणालीमा आधारित खोला व्यवस्थापन कार्य सुरु गरेका छन् । यससँगै खोला क्षेत्रका नदीजन्य पदार्थ त्यसलाई बिक्री वितरण गरेर आम्दानी गर्ने योजना बनाएका छन् । आव २०७९÷८० मा ढुङ्गा गिट्टीको बिक्रीबाट यहाँका स्थानीय तहले २२ करोड ८१ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा चार करोड ५७ लाख ११ हजार ७ सय ७९ रुपैयाँ मात्रै राजस्व सकलन भयो । यो लक्ष्यको ४७.९५ प्रतिशत हुन आउँछ । तुलसीपुर उपमहानगर पालिकाले नदीजन्य पदार्थ बिक्री गर्ने महत्वाकांक्षी लक्ष्य लिँदै पाँच करोड रुपैयाँ आम्दानी गर्ने लक्ष्य लिएको तुलसीपुरका नगरप्रमुख टिकाराम खड्काले 'नदीजन्य पदार्थ निकाल्ने जिम्मा पाएका निकायले काम अगाडि बढाउन नसक्दा लक्ष्यअनुसार राजस्व उठ्न नसकेको' बताए । नदीजन्य पदार्थ बिक्रीबाट उठेको आम्दानीले विकास खर्च गर्ने लक्ष्य रहेकामा त्यो हुन नसकेको उनको भनाइ छ । तुलसीपुर उपमहानगर पालिका प्रमुख खड्काका अनुसार बोलपत्र आह्वान गरेर नदीजन्य पदार्थको उत्खनन गर्न खोज्दा ठेक्का नलाग्ने र राजस्व नउठ्ने समस्याको कारण अवैधानिक क्रसर उद्योग हुन् । नदीजन्य पदार्थको उत्खनन्, ओसार–पसारमा संलग्न सवारीसाधन साउनयता मात्रै करिब ५० बढी पक्राउ परेको र जिल्लाका कुनै पनि क्रसर वैधानिक नभएको भन्दै क्रसरहरूलाई नियन्त्रणमा ल्याउने पनि उनले बताए । घोराही उपमहानगरपालिकाका नगरप्रमुख नरुलाल चौधरीले राजस्व वृद्धि गर्न यस वर्ष इमान्दारीताका साथ निर्णयलाई कार्यान्वयन गर्ने बताए । नदीजन्य पदार्थको व्यवस्थापनसम्बन्धी भएको नीति नियमलाई कार्यान्वयन गर्न नसक्दा समस्या आएपनि त्यसको समाधान गरिने उनको भनाइ छ । गढवा गाउँपालिका अध्यक्ष यमनारायण शर्मा पोख्रेलले स्थानीय तहहरुका बीचमा नदीजन्य पदार्थ उत्खनन् र व्यवस्थापनका सम्बन्धमा एकरूपता ल्याएर चोरी निकासी रोक्ने बताए । गत आर्थिक वर्ष २०७९÷८० मा ढुङ्गा गिट्टीको बिक्रीबाट यहाँका स्थानीय तहले २२ करोड ८१ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा त्यसको ४७.९५ प्रतिशत अर्थात ४ करोड ५७ लाख ११ हजार ७७९ मात्रै राजस्व सङ्कलन भएको छ । जिल्लाको अन्य आठ पालिका नदीजन्य पदार्थ बिक्रीबाट उठाउनुपर्ने राजस्व सङ्कलनमा पूरै असफल देखिएका छन् । गढवा गाउँपालिकाले पनि चार करोड रुपैयाँको लक्ष्य लिएकामा जम्मा दुई करोड ३७ लाख रुपैयाँ उठाएको छ भने बङ्गलाचुली गाउँपालिकाले १५ लाख रुपैयाँको लक्ष्यमा १३ लाख ७४ हजार तीन सय ५० सङ्कलन गरेको छ । लक्ष्यअनुसार राजस्व उठाउन नसक्दा पालिकाको आन्तरिक काम कारवाहीमा ठूलो असर गरेको पालिकाहरुको भनाइ छ । दङ्गीशरण गाउँपालिकाले ढुङ्गा गिट्टी बिक्री तथा ठेक्काबाट २५ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा १८ लाख एक हजार नौ सय ५४, राजपुर गाउँपालिकाले दुई करोड ८१ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा ५४ लाख ७८ हजार ३ सय ७९ रुपैयाँ राजस्व उठाएको छ । राप्ती गाउँपालिकाले पनि ढुंगागिट्टी बिक्री तथा ठेक्काबाट २३ लाख ७२ हजार ३ सय २८ रुपैयाँ र बबई गाउँपालिकाले ५८ लाख ८१ हजार ३ सय १० रुपैयाँ मात्रै राजस्व उठाएको छ । शान्तिनगर गाउँपालिकाले भने ढुङ्गा गिट्टी बिक्री तथा ठेक्काबाट ६० लाख रुपैयाँ उठाउने लक्ष्य राखेकामा ७४ लाख २० हजार पाँच सय १५ रुपैयाँ सङ्कलन गर्न सफल भएको छ । देउखुरीस्थित राप्ती नदी र यस क्षेत्रका खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् भइरहँदा स्थानीय सरकार बेखबर बनेका छन् । रातिको समयमा राप्ती नदी वारिपारिको क्षेत्रमा अवैध तरिकाले अत्यधिक रुपमा चोरी निकासी भएको स्थानीय रोमहर्ष शर्मा बताउँछन् । कपितय समयमा जिल्लास्तरबाट तथा पालिकास्तरबाट अनुगमन भएपनि यो प्रभावकारी नहुँदा नदीजन्य पदार्थ दोहनमा विचौलिया र माफियाले रजाइँ गरेको उनको भनाइ छ । ढुङ्गा, गिट्टी र बालुवाबाट आन्तरिक आय बढाउन स्थानीय सरकार असफल भएको जिल्ला समन्य समिति दाङका प्रमुख नित्यानन्द शर्माले बताए । खर्च बढे पनि ढुङ्गा, गिट्टी र बालुवाबाट राजस्व सङ्कलनको दायरा फराकिलो बनाउन नसक्दा आन्तरिक आय बढन नसकेको उनको भनाइ छ । २०७० सालदेखि मापदण्ड नपुगेर बन्द भएका कतिपय उद्योग अहिले पनि सञ्चालन हुन सकेका छैनन् । यस क्षेत्रका गिरोहले नदीजन्य पदार्थ जथाभावी उत्खनन् गरिरहेका कारण वातावरणमा पनि नराम्रो प्रभाव परिरहेको छ ।

**नदीजन्य पदार्थको घाटगद्दी गर्ने**

दाङका स्थानीय तहहरूले यस वर्ष नदीजन्य पदार्थको निकासीलाई व्यवस्थित गर्न एकरूपता ल्याउँदै छन् । स्थानीय तहहरूले नदीजन्य पदार्थको उत्खनन् र घाटगद्दी गर्ने निर्णय गरेका हुन् । स्थानीय तहबाहेक अन्यले नदी तथा खोलाबाट नदीजन्य पदार्थको उत्खनन् गर्न नपाउने गरी घाटगद्दी गर्ने निर्णय गरिएको जिल्ला समन्वय समिति दाङका प्रमुख नित्यानन्द शर्माले बताए । उनका अनुसार जिल्लाका दशवटै स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन् गर्दा स्थानीय तहले नै नदीबाट नदीजन्य पदार्थ सङ्कलन गरी घाटगद्दी गरेर व्यवस्थापन गर्न सहमत भएको बताए । नदीजन्य पदार्थको उत्खनन्मा एकरूपता हुँदा चोरी निकासीलाई व्यवस्थापन गर्न सहजता हुने प्रमुख शर्माले बताए । प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदीले नदीजन्य पदार्थको उत्खनन्लाई व्यवस्थित गर्दै चोरी निकासीलाई रोक्न स्थानीय तहसँग पूर्ण अधिकार भएको भन्दै अधिकारलाई उपयोग गरेर रोक्नुपर्ने बताए । नदीजन्य पदार्थ निकासी र नियन्त्रणका लागि स्थानीय तहहरूले सक्रियता बढाउनुपर्ने उनको भनाइ छ । जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख रामबहादुर केसी प्राकृतिक स्रोत र साधनको दोहन रोक्नका लागि प्रहरी र जनप्रतिनिधिका बीचमा सहकार्य र समन्वय हुन आवश्यक रहेको बताउँछन् । प्रहरी मात्र एक्लैले रोक्न नसक्ने भएकाले जनप्रतिनिधि संक्रिय हुनुपर्ने भन्दै आवश्यक परे सहयोग गर्न प्रहरी तयार रहेको उनको भनाइ छ ।

# कर्णालीमा आपराधिक घटना बढ्यो




**रासस**
**जाजरकोट ।**
कर्णालीमा आपराधिक घटनाको सङ्ख्या वृद्धि हुँदै गएको छ । टाढाटाढाका बस्ती भएका कारण प्रहरीको पहुँच नहुँदा र पर्याप्त निगरानी नहुँदा आपराधिक घटना वृद्धि भएको हो । एक गाउँबाट अर्को गाउँमा जान दिनभर हिँड्नुपर्ने भएकाले आपराधिक घटनाका लागि बल पुगेको छ । ठूलो भूभाग तर छरिएर रहेका बस्तीका कारण पर्याप्त मात्रामा सुरक्षाको पहुँच पुग्न नसकेको प्रहरीनै स्वीकार गर्छन् । अन्य समयमा घरबाहिर हुने तर चाडपर्वमा घरमा फर्केने युवायुवतीले आफन्तको गुनासो सुनेर रिस साँधने गरेको समेत खुलेको छ । सामाजिक सञ्जालमा जथाभावी रिस पोखेर लेख्दा त्यसको उपयुक्त समयमा प्रतिकार हुने अर्को समस्या हुँदै आएको छ । यसरी दशैँ अवधिभर कर्णालीमा थुप्रै हिंसात्मक घटना भएका छन् । सुर्खेतस्थित प्रदेश प्रहरी कार्यालयका अनुसार यस वर्षको बडादशैँभर ५८ वटा अपराधका घटना दर्ता भएका छन् । त्यसमध्ये ३४ वटा कुटपिट तथा झैझगडाका घटना छन् । त्यस्ता घटनामा छ जनाको ज्यान गएको छ भने ३१ जना पक्राउ परेको प्रहरीले जनाएको छ । चाडपर्वको समयमा मात्रै होइन पछिल्ला वर्षमा पनि आपराधिक घटनाहरू बढ्दै गएका छन् । कार्यालयका अनुसार कर्णालीमा प्रत्येक वर्ष आपराधिक घटनाको सङ्ख्य बढ्दै गएको हो । आर्थिक वर्ष २०७७÷७८ मा एक हजार ६ सय ३७, आव २०७८÷७९ मा एक हजार पाँच सय ५५ र आव २०७९÷८० मा एक हजार सात सय २९ अपराधका मुद्दा दर्ता भएका थिए । चालु आर्थिक वर्षको यो अवधिसम्म चार सय ८० अपराधका मुद्दा दर्ता भएका थिए । आर्थिक वर्ष २०७८÷७९ को दसैँ अवधिभर ४४ वटा र आव २०७९÷८० को दसैँभर २५ अपराधका घटना दर्ता भएको प्रदेश प्रहरी कार्यालयको अपराध अनुसन्धान महाशाखाले जनाएको छ । आपराधिक घटना वृद्धि भइरहँदा प्रहरीले अनुसन्धानको दायरा फराकिलो बनाएको उक्त कार्यालयका प्रमुख भीमप्रसाद ढकालले बताए । अदालतबाट दोषी ठहर भई फरार रहेका दोषीलाई पक्राउ गर्नाका साथै चोरी, बहुविवाह, कर्तव्य ज्यान र सार्वजनिक मुद्दामा अदालतले दोषी ठहराएपछि कैद सजाय र जरिमानाको फैसला सुनाइएका कसुरदार धमाधम समातिन थालेको उनको भनाइ थियो । अनुसन्धानलाई प्रभावकारी र अदालतको फैसला कार्यान्वयन, पीडितलाई न्यायको अनुभूति तथा दोषीलाई कानुनी दायरामा ल्याउन घटनालगत्तै संलग्न व्यक्ति पक्राउ गर्ने रणनीति लिइएको प्रहरी प्रमुख ढकालले जानकारी दिए । 'प्रहरी युनिट, स्थानीय तह, सरकारी कार्यालय र अन्य संयन्त्र परिचालन गरी अन्य फरार कसुरदारको पनि खोजी भइरहेको छ', उनले भने ।

**दशैँ अवधिमा यस्ता घटना भए**

कात्तिक १० गते बिहान मुगुमा चार जनाको शव फेला प¥यो । छायाँनाथ रारा नगरपालिका–६ मन्दुमा ती शव फेला परेका हुन् । उनीहरूको हत्या भएको आशङ्का गरिएको छ । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले बताए । घटना गत बुधबार राति घटना भए पनि प्रहरीलाई भने शुक्रबार मात्र खबर गरिएको जनाइएको थियो । हत्या गरिएको विषयमा शङ्कास्पद एक जनालाई नियन्त्रणमा लिएर प्रहरीले सोधपुछ जारी राखे पनि ती व्यक्तिको नाम र ठेगाना भने गोप्य राखिएको छ । अनुसन्धानमा बाधा नपुगोस् भन्ने उद्देश्यले नाम सार्वजनिक नगरिएको प्रहरीको भनाइ थियो । घटनाको अनुसन्धानका लागि आइतबार प्रदेश प्रहरी प्रमुखसहितको टोली मुगु पुगेको र घटनाबारे अनुसन्धान भइरहेको प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले बताए । दशैँकै अवधिमा दैलेखमा छुट्टाछुट्टै भएका झडपमा दुई युवकको ज्यान गयो । ज्यान जानेमा दैलेखको नारायण नगरपालिका–७ का २५ वर्षीय रोहन शाही र सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–२ का २० वर्षीय किशोर बुढा क्षेत्री रहेका प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार गत बिहीबार राति भैरवी गाउँपालिका–४ सिलङ्गी बजारमा युवाहरूबीच भएको झडपमा घाइते क्षेत्रीको उपचारका क्रममा मृत्यु भएको थियो । जिल्ला प्रहरी कार्यालयका प्रमुख किशोर लम्सालले घटनामा संलग्न दुई जनालाई पक्राउ गरिएको जानकारी दिए । यस्तै दैलेखकै नारायण नगरपालिका–७ मा कात्तिक ७ गते राति युवाहरूबीच भएको झडपमा परी शाहीको मृत्यु भएको थियो । झडपमा घाइते भएका उनको पनि उपचारका क्रममा गत शुक्रबार प्रदेश अस्पताल सुर्खेतमा मृत्यु भएको हो । घटनामा संलग्न रहेको भन्दै चार जनालाई प्रहरीले पक्राउ गरेको छ । यसैगरी गत बुधबार सल्यानमा ढोग नगरेको भन्दै कुटपिट गर्दा एक जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा बागचौर नगरपालिका–७ कोटबारा पुरानछापका २० वर्षीय घनश्याम ओली रहेको प्रहरीले जनाएको छ । उनलाई कात्तिक ४ गते भलिबल खेल्न गएको मैदानमा छिमेकी गाउँ स्याँलाका २५ वर्षीय केशर ओली र २३ वर्षीय सन्तोष ओलीले मादक पदार्थ सेवन गरेर कुटपिट गरेको प्रहरीले जनाएको छ । जिल्लास्थित प्रहरी कार्यालयले प्रदेश प्रहरी कार्यालयले विवरण सार्वजानिक नगरुन्जेल सूचना गोप्य राख्ने गरेका छन् । कर्णालीमा दशैँ तिहारजस्ता चाडपर्व लक्षित सुरक्षा योजना तयार पारेर लागू गरिएको जानकारी दिँदै प्रहरीले आपराधिक गतिविधि हुन नदिन प्रदेशभर पाँच हजारभन्दा बढी प्रहरी परिचालन गरिएको र शान्तिसुरक्षाका लागि प्रभावकारी रूपमा कार्यतालिका बनाइएको पत्रकार सम्मेलनमा जानकारी गराएको थियो ।

# पढाउन छाडेर कृषिकर्म



**नारायण विक**
**गल्याङ ।**
स्याङ्जाको वालिङ नगरपालिका–५ पित्लेकका हुमनाथ लामिछानेले जिल्लामा सफल किसानको पहिचान बनाउ सफल भएका छन् । उनीद्वारा सञ्चालित पित्लेक कालिका कृषि फार्म पछिल्लो समय अध्ययन, अवलोकन र अनुसन्धानको उत्कृष्ट थलो बनेको छ । दुई दशकअघि गाउँकै वयोवृद्धा यज्ञप्रसाद लामिछानेको प्रेरणा पाएपछि शिक्षण पेसा बीचमै छाडेर हुमनाथ व्यावसायिक तरकारी खेतीमा लागेका थिए । उनले गोलभेँडा, काउली, बन्दा, काँक्रो, सिमी, बोडी, अकबरे खुर्सानीलगायतका तरकारी फलाउँदै आएका छन् । उनको फार्ममा पाँच सय ५० बोट सुन्तला, तीन सय बोट कफी, १८ घार माहुरी र गड्यौलासमेत छन् । उनले फार्मबाट वार्षिक १२ लाख रुपैयाँको कृषि उपज बिक्री हुने गरेको जनाउँदै खर्च कटाउँदा आठ लाख रुपैयाँ बचत गर्ने गरेको दाबी गरे । उनले गड्यौलाबाट उत्पादित मल भने आफ्नै तरकारी बारीमा प्रयोग गर्दै आएका छन् । किसान हुमनाथले स्थानीय बजार र पोखरामा यहाँ उत्पादित कृषि उपज बिक्री गर्दै आएका छन् । उनले आफ्नो छोरा सन्तोषलाई पनि कृषि पेसामै स्थापित गराउने उद्देश्यले हरेक काममा सरिक बनाउँदै आएका छन् । 'विसं २०६२ मा आइपीएम तालिम लिएपछि व्यवसायलाई अझ व्यवस्थित बनाउँदै अगाडि बढेँ', उनले भने, 'हालसम्म सात जति तालिम तथा प्रशिक्षण लिएको छु, एक–दुईहप्ते तालिमले भन्दा पनि मेरो कृषि कर्मप्रतिको लगाव, निरन्तर, प्रयोग र अभ्यासले मलाई पूर्ण बनाएजस्तो लाग्छ ।' पित्लेकमा २६ र खहरेमा १० गरेर उनले कुल ३६ रोपनी क्षेत्रफलमा कृषि व्यवसाय गरेका छन् । उनको सात स्थायी टनेल छन् । फार्मभित्र जङ्गली जनावर नपसुन् भनेर फलामे तारबारसहित कम्पाउण्ड घेरिएको छ । पानी सङ्कलन गर्ने पोखरी पनि छ । वालिङ नगरपालिका–१ खहरेमा समेत दुईवटा टनेल छन् । उनीसँग हातेट्र्याक्टर, पावर स्प्रे, स्प्रेलगायतका आधुनिक उपकरण छन् ।

उनले गएको वर्ष ५० क्वन्टिल सुन्तला बिक्री गरेर तीन लाख रुपैयाँ, तीन सय किलो कफी उत्पादन गरेर ३५ हजार रुपैयाँ र ९० लिटर मह उत्पादन गरेर एक लाख ५० हजार रुपैयाँ आम्दानी गरेको बताए । चार लाख रुपैयाँ लगानीबाट सुरु भएको लामिछानेको लगानी बढेर अहिले २५ लाख पुगेको छ । 'सडकको अभावमा पहिले–पहिले दुई घण्टा लगाएर डोकोमा तरकारी बेच्न त्रियासी पुग्नुपर्ने बाध्यता थियो', उनले भने, 'अहिले सडक बनेपछि उत्पादित सामान बजार पुर्याउन सहज भएको छ । हुमनाथले आफूले गरेको व्यवसायबाट सन्तुष्ट रहेको बताए । 'गुणस्तरीय सामान उत्पादन गर्नेलाई बजारको कुनै समस्या छैन, उत्पादन गर्न सके बजारमा गाउँको अग्र्यानिक तरकारी भनेपछि खोसाखोस हुन्छ', उनले थपे, 'नाफाघाटा नहेरी बाह्रै महिना तरकारी फलाउने योजनासहित लाग्न सकेमा व्यवसाय टिकाउन सकिन्छ, विस्तारै उत्पादित सामग्रीको पनि उचित मूल्य पाउन सकिन्छ ।'



यदि तिमी सत्यको सुई लगाएर राजनीति गर्दै छौ भने सुईले काम गर्दैन ।

–विल रोजर

## सम्पादकीय

# कसलाई विश्वास गर्ने ?

मधेश प्रदेशमा अपराधको 'ग्राफ' उकालो लागेको छ । दिनदिनै आपराधको संख्यामा वृद्धि हुँदै जाँदा समाजमा नैराश्यता छाएको छ । आर्थिक समस्या, पारिवारिक समस्या र प्रेम सम्बन्धमा आएको कटुताका कारण समाजमा एक अर्कालाई हेला गर्ने, होच्याउने, रिस साँध्ने जस्ता घटना बढ्दै गएको छ । समान्य झगडा, मनमुटाव, साथीभाइ र पारिवारिको 'डोमिनेसन' मा परेर ठूला ठूला अपराधका घटना सार्वजनिक भइरहेका छन् । पछिल्ला ३ महिनामा सार्वजनिक भएका घटनालाई हेर्ने हो भने समाज चरम निरासामा गएको देखिएको छ । प्रहरीको अनुसन्धानबाट खुलेका घटनाको योजनाहरु हेर्ने हो भने गम्भीर प्रकृतिका छन् । अहिले कुनै पनि घटना भएमा प्रहरीले परिवार, साथीभाइ, आफन्तबाटै घटनाको प्रारम्भिक अनुसन्धान गरिरहेको हुन्छ । र, निष्क्रणमा पुग्दासम्म आफ्नै आफन्तकै संलग्नता पुष्टि भइरहेको हुन्छ । आर्थिक लेनदेन, पारिवारिक समस्याका कारण आफन्त, नजिकका व्यक्तिलाई पनि सिध्याउन बेर लागिरहेको छैन । मोबाइल, समाजिक सञ्जाल जस्ता कुराले पनि समाजमा विकृति बढेको छ ।

सूचना प्रविधिको युगमा यी सामग्री आवश्यक छन् तर यस्को दुरुपयोगले समाजमा ठूला ठूला अपराधका घटना भएका छन् । प्रेम सम्बन्ध र विवाहेत्तर सम्बन्धले पनि समाजमा एक किसिमको विकृति र नैराश्यता पैदा गरेको छ । व्यक्तिमा नैतिकता, धैर्यता, सद्भाव, भातृत्व, करुणा जस्ता गुण हराउँदै गएका छन् । गाउँ, सहर र समाजमा जे सुकै होस् आफूलाई 'बाल मतलब' जस्ता सोचले पनि समाजमा अनुशासन र नैतिकताको दायरा खुम्चिँदै गएको छ । देशमा शान्ति सुरक्षाको राम्रो व्यवस्था गरेर अपराधी रोकिएलान्, समातिएलान, तर अपराध रोकिन्छ त ? अपराध रोक्नलाई त सरकारीस्तरबाट समाजमा जनजागरण अभियान, समाजिक र नैतिक चेतनाको अभिवृद्धि गर्न आवश्यक छ ।

सोमबार बाराको कलैयामा दिउँसै एक जना विद्यालय सञ्चालकको गोली हानी हत्या भयो । हत्यामा ८ जनाको संलग्नता रहेको भेटिएको छ । पक्राउ परेका मध्ये मुख्य योजनाकारसहित पाँच जनालाई बारा प्रहरीले बुधबार सार्वजनिक ग¥यो । सार्वजनिक गरिएकामध्ये विवाहित विद्यालय सञ्चालकको हत्यामा प्रेमिका, सञ्चालकका दुई जना साथी पनि रहेका छन् । हत्यामा संलग्न भएकाहरु निकटका हुन् । तर, सामान्य वादविवादमा पनि हिन्दी फिल्मको शैलीमा घटनालाई 'अन्जाम' दिएका छन् । यो घटनाको प्रकृति र संलग्नहरुको अनुहार हेर्दा समाज पक्कै पनि विचलित हुन पुग्छ, जिब्रो टोक्छ । साथीभाइ, आफ्नो आफन्तबीच विश्वासको वातावरण रहेन । कसलाई विश्वास गर्ने, कस्ताको विश्वास गर्ने, प्रश्न सोझिएको छ समाजमा सबैलाई ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# कृषि उत्पादन वृद्धिमा कोरियाको सहयोग



छङ ह्वाङ गुन

पशुपालन क्षेत्रमा पनि कोरियाको सहयोग निरन्तर रहने बारेमा स्मरण गराउन चाहन्छु । कोरियाले समयसापेक्ष रुपमा विकास गरेको कृषि क्षेत्रको विकासलाई अनुभवलाई नेपालसँग साझेदारी गर्न चाहन्छौं । यसै सन्दर्भमा सन् २०२२ को डिसेम्बर महिना, गणतन्त्र कोरियाबाट होलेस्टेन जातका १०१ वटा दुधालु गाईका बाच्छी र बाच्छाहरु जहाज मार्फत नेपालमा आएको स्मरण गराउन चाहन्छु ।

काठमाडौँ, १५ कात्तिकः कोरिया र नेपालबीचको कूटनीतिक सम्बन्ध आगामी वर्ष ५०औँ वर्षमा प्रवेश गर्दैछ । भौगोलिक रूपमा टाढा भए पनि नेपाल र कोरियाबीच धेरै ऐतिहासिक र सांस्कृतिक समानता रहेको छ । यसअवधिमा दुई देशबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानदेखि विभिन्न आर्थिक सहयोग उपलब्ध भएको छ । विगत १५ वर्षदेखि कोरियाले नेपाललाई व्यावसायिक तालिम, स्वास्थ्य, कृषि र सूचना तथा सञ्चार प्रविधि केन्द्रित विकास सहायता प्राथमिकताका साथ उपलब्ध गराएको छ । बितेका ३० वर्षमा कोरियाली अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) ले एक सय ५७ विकास परियोजना कार्यान्वयन भएका छन् । रोजगारी अनुमति पद्धति (इपिएस) मा आबद्ध १६ देशमध्ये नेपाल यो वर्ष पहिलो नम्बर बनेको छ । यो वर्ष २० हजार नेपालीलाई कोरियामा काम गर्ने अवसर प्रदान गरिएको छ ।

सन् २०२६ मा विकासशील देशमा स्तरोन्नति हुने नेपालको लक्ष्यमा आफ्नो देशले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं । अल्पविकसित राष्ट्रबाट उठ्ने तयारीमा रहेका नेपालका लागि कोरिया सधैँ साझेदार रहनेछ । कोरियाले नेपाललाई व्यावसायिक तालिम, स्वास्थ्य, कृषि र सूचना तथा सञ्चार प्रविधि केन्द्रित विकास सहायता प्राथमिकताका साथ उपलब्ध गराएको छ । विगत ३० वर्षमा कोरियाली अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) ले एक सय ५७ विकास परियोजना कार्यान्वयन गरेको छ ।

आगामी दिनमा अन्य क्षेत्रमा जस्तै कोरियाले नेपालको कृषि क्षेत्रमा पनि थप सहयोगलाई बढाउने नीति लिएको छ । म आफैँ कृषक परिवारमा हुर्किएर सानैदेखि कृषकको सुख–दुःख लाई राम्रोसँग अनुभव गर्दै आएको छु । विश्वविद्यालयको अध्ययन पनि कृषि विषयमा नै गरेको हुनाले कृषि क्षेत्र विकासका लागि गहिरो अनुभव रहेको छ । कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या धेरै रहेको नेपालमा कृषिमन्त्रीको हैसियतमा पहिलो पटक भ्रमण गर्दा सकारात्मक ऊर्जा मिलेको छ ।

कोरिया र नेपाल दुई देशको सम्बन्ध विगत लामो समयदेखि नै अत्यन्त सुमधुर रही आएको छ । नेपाललाई आवश्यक पर्दा कोरिया सरकार र जनताले नेपालका विभिन्न क्षेत्रमा हातेमालो गर्दै आएको छ । हामी दुई देशबीच सांस्कृतिक रूपमा पनि समानता रहेको छ । नेपालको प्राकृतिक सौन्दर्यता अवलोकनका लागि तथा धार्मिकस्थल भ्रमणका लागि ठूलो सङ्ख्यामा कोरियाली पर्यटकहरूले नेपाल भ्रमण गरिरहेका छन् । हिमालयको पदयात्रा र बुद्धको जन्मस्थल लुम्बिनीको तीर्थयात्राका लागि बर्सेनि ३० हजार कोरियन नेपाल आउने गर्दछन् ।

नेपालबाट पनि लामो समयदेखि कोरियाको औद्योगिक तथा कृषि क्षेत्रमा काम गर्न तथा अध्ययन व्यवसायका लागि ठूलो सङ्ख्यामा नेपालीले कोरियामा आवतजावत गरिरहेका छन् । कोरियाबाट कृषि क्षेत्रमा काम गरेर फर्किएका अधिकांश नेपालीले कृषि क्षेत्रमा कोरियाबाट सिकेको सीपको उपयोग गरिरहेको पाइन्छ । मलाई लाग्छ नेपाल भौगोलिक र मौसमका हिसाबले विश्वमा उब्जनी हुने सबै किसिमका कृषिजन्य वस्तुको उत्पादन हुने क्षेत्र हो भन्ने लाग्छ ।

त्यसैले बहुसङ्ख्यक नेपालीहरू कृषि पेसामा आश्रित हुनुभएको भन्ने बारेमा जानकार छु ।

विगतको तुलनामा हामी दुई देशबीच उच्चस्तरको भेटघाटले पनि स्थान पाउँदै गएको छ । यही वर्ष सेप्टेम्बर २१ तारिखका दिन संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभाका क्रममा अमेरिकाको न्युयोर्कमा कोरिया र नेपाल दुई देशका सरकार प्रमुखबीच भेटवार्ता भएको छ । गणतन्त्र कोरियाका राष्ट्रपति युन सख्यल र नेपालका प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड' बीच न्युयोर्कमा द्विपक्षीय औपचारिक वार्ता भएको थियो । कूटनैतिक सम्बन्ध स्थापना भएको ५०औँ वर्षगाँठको नजिकै आएका अवसरमा दुई देशका कार्यकारी प्रमुखको वार्तालाप हुनु सुखद पक्ष हो भन्ने लाग्छ । त्यसबेला पनि उहाँहरूले कूटनीतिक सम्बन्ध स्थापनाको ५०औँ वार्षिकोत्सव स्मरणीय बनाउने तथा दुई देशबीच विभिन्न क्षेत्रमा विकास साझेदारी कार्यक्रमलाई मजबुत गर्ने विषयमा छलफल भएको छ । दुई देशका प्रमुखहरूको वार्तालापपश्चात् विभिन्न क्षेत्रमा विकास साझेदारी अवधारणालाई अगाडि बढाउनका लागि मलाई गणतन्त्र कोरियाका राष्ट्रपतिको विशेष दूतका रूपमा नेपाल भ्रमण गर्ने अवसर मिलेको छ ।

कोरिया सरकार कृषि, खाद्य तथा ग्रामीण मामिला मन्त्रीको नेतृत्वमा



यही कात्तिक १५ देखि १७ गते नेपाल भ्रमणमा रहेको छ । यस भ्रमणले दुई देशका सरकार तथा जनस्तरको सम्बन्ध प्रगाढ गराउनका लागि यस भ्रमणले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने लागेको छ । हामी नेपालको विभिन्न क्षेत्रमा सहकार्य गर्नका लागि आतुर छौं । यस भ्रमणले नेपालको कृषि क्षेत्रको विकासमा अतुलनीय भूमिका खेल्ने छ भन्ने मेरो बुझाई रहेको छ ।

यस भ्रमण अवधिमा नेपालका कृषि मन्त्रीसँग द्विपक्षीय वार्तालाप हुनेछ र सोही अवसरमा कोरिया नेपालबीच कृषि क्षेत्र विकासका साझेदारीका लागि आवश्यक सम्झौतापत्रमा हस्ताक्षर हुनेछ । यस सम्झौताले नेपालमा कोरिया पार्टनरसिप फर इनोभेसन अफ एग्रिकल्चर (कोपिया) स्थापना गर्नका लागि भूमिका खेल्नेछ । कोपियाको नेपालमा स्थापना भएपश्चात् नेपालको कृषि क्षेत्रमा महत्वपूर्ण योगदान खेल्ने छ । नेपालको धानबाली उत्पादन वृद्धि तथा आलु खेती उत्पादन वृद्धि गर्न यस सम्झौताले उल्लेखनीय भूमिका निभाउने छ । नेपालमा दैनिक भोजन गरिने दालभात जस्तै कोरियामा पनि समान परिकार लिने गरिएको छ । धेरै मात्रामा उपभोग गरिने चामल तथा अन्य तरकारीको तुलनामा बढी मात्रामा प्रयोग हुने आलु खेतीको विकास भएमा मात्र पनि नेपालले वार्षिक रूपमा हुंदै आएको आयातलाई केही हदसम्म घटाउन सकिन्छ भन्ने लाग्दछ । कृषिमा आधुनिकीकरण गरेर बाँझो खेतबारी हराभरा बनाउने उद्देश्य लिएर हामी सबै किसिमका प्राविधिक तथा आवश्यक सहयोग उपलब्ध गराउंदै जाने विचार लिएका छौं ।

त्यसैगरी, पशुपालन क्षेत्रमा पनि कोरियाको सहयोग निरन्तर रहने बारेमा स्मरण गराउन चाहन्छु । कोरियाले समयसापेक्ष रूपमा विकास गरेको कृषि क्षेत्रको विकासलाई अनुभवलाई नेपालसँग साझेदारी गर्न चाहन्छौँ । यसै सन्दर्भमा सन् २०२२ को डिसेम्बर महिना, गणतन्त्र कोरियाबाट होलेस्टेन जातका १०१ वटा दुधालु गाईका बाच्छी र बाच्छाहरू जहाजमार्फत नेपालमा आएको स्मरण गराउन चाहन्छु । अर्ध शताब्दी अगाडितिर कोरियामा एक गाईबाट दैनिक औसत १० लिटरभन्दा कम दूध उत्पादन हुने अवस्था थियो भने हाल उन्नत जातका गाईमार्फत दैनिक एक गाईले ३२ लिटर दूध उत्पादन हुने अवस्थामा रहेको छ । हामीले नेपालमा उन्नत जातका गाईपालनका लागि आवश्यक पर्ने सम्पूर्ण सहयोगको पनि व्यवस्था गरेका छौँ । हामी नेपाललाई दूधजन्य पदार्थमा आत्मनिर्भर होस् भन्ने योजनाका साथ अगाडि बढिरहेका छौँ । नेपालका पशुपालन क्षेत्रमा आबद्धरत कृषकहरूले यसबाट लावान्वित हुनुहुने छ भन्ने सोचाइ रहेको छ ।

हामी नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरणमार्फत खाद्यान्न उत्पादनमा आत्मनिर्भर भई खाद्यान्न सुरक्षा प्रदान गर्न मद्दत गर्ने छौँ । त्यसैगरी कृषिको विविधीकरण, व्यावसायिकीकरण, यान्त्रिकीकरण र क्षमता विस्तार गरी बेरोजगारी समस्या न्यूनीकरण गर्न गहन भूमिका खेल्ने छ भन्ने लाग्दछ । आयात घाटा कम गर्न तथा आर्थिक वृद्धिमा कृषि क्षेत्रले सकारात्मक भूमिका खेल्नेछ भन्ने मेरो बुझाइ रहेको छ ।

कोरिया र नेपाल सन् १९७४ मा कुटनीतिक सम्बन्ध स्थापना भएपश्चात आगामी वर्ष सन् २०२४ मा ५०औँ वर्षगाँठको समिपमा रहेका छौं । हामी विगत ५० वर्षदेखि रहिआएको सुमधुर सम्बन्धलाई स्मरण गर्दै आगामी ५० वर्षको सम्बन्धलाई बहुआयमिक बनाउनका लागि तथा नेपाललाई विकासशील राष्ट्रको रूपमा अगाडि बढाउनका लागि असल मित्रको भूमिका खेल्ने छौँ । कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न आयोजनामा साझेदारी गर्नका लागि नेपाल सरकारसँग समन्वय गर्दै आवश्यकताको आधारमा समन्वयात्मक भूमिका खेल्न कोरिया सरकार तत्पर रहेको जानकारी गराउँछु ।

अन्त्यमा, कोरिया फर्किएपश्चात् पनि नेपालको कृषि क्षेत्र विकासका लागि कोरिया सरकारको सहयोग निरन्तर जारी रहने तथा यस भ्रमणले नेपालको कृषि क्षेत्रको विकासमा भूमिका निभाउनका लागि सम्झौतामा हस्ताक्षर भएको पुनः स्मरण गराउन चाहन्छु । नेपालको कृषिजन्य उत्पादन वृद्धि गर्नका लागि हाम्रो अनुभव बाँड्नेछौं । त्यसैगरी, यस भ्रमणका अवसरमा नेपालको कृषि क्षेत्रको स्थलगत निरीक्षणमार्फत धेरै कुरा बुझ्ने अवसरको रूपमा सदुपयोग गर्नेछु । (नेपाल भ्रमणमा आएका कोरियाका कृषि खाद्य तथा ग्रामीण मामिलामन्त्री छङ् ह्वाङ् गुन्सँग गरिएको कुराकानीमा आधारित)

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझभा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक यात्राको योग बनेको छ, बौद्धिक कार्यमा सफलता मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
कुनै पनि रचनात्मक कार्यमा मन जानेछ, धन तथा मानमा वृद्धि गराउला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन हर्ष उल्लासका साथ बित्नेछ, न्यायीक क्षेत्र बलवान् देखिन्छ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
प्रेमिकाको सहयोगले अधुरा काम पूरा हुनेछन्, धेरै समयपछि आत्मीयजन सँग भेट होला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
यात्रा गर्दा सावधानी अपनाउनु होला, कुनै मालसामान हराउन सक्छ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
लामो तथा छोटो दुरिको यात्रा गराउला, तर पनि वैदेशिक क्षेत्र भने कमजोर रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
पारिवारिक जीवन तथा प्रेम सम्बन्ध राम्रो हुनेछ। कुनै पनि मनोरञ्जनमा सहभागी भईएला।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन भोगबिलास गर्ने साधनहरु प्राप्त हुनेछ, धन तथा पुत्रको लाभ होला ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
मनमा उत्साह बढ्नेछ, नसोचेको स्थानबाट लाभ हुनेछ, पुत्र तथा पत्नीको साथ सहयोग प्राप्त होला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
अनेक प्रकारका लाभ हुनेछ, धार्मिक कार्यमा मन जानेछ, उच्च पद तथा धन प्राप्त होला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
वैदेशिक रोजगारको अवसर आउनेछ, शत्रु पक्ष कमजोर होलान्, हरेक प्रकारका सुख प्राप्त होला।

# दशैँपछि टीकापुर पार्कमा पर्यटक बढे



**रासस**
**टीकापुर ।**
कैलालीको टीकापुरस्थित टीकापुर पार्कमा दशैँपछि पर्यटक बढेका छन् । पार्कमा आजभोलि दैनिक सयौँदेखि हजारौँ पर्यटक आउन थालेका छन् । दशैँ सुरु भएदेखि नै पार्कमा पर्यटक बढेका हुन् । पार्कमा आन्तरिक पर्यटक वनभोज र अन्य जिल्लाका पर्यटक अवलोकनका लागि आउने गरेका छन् । पार्कमा हरेक वर्ष यो याममा पर्यटक बढ्ने गर्छन् । बर्खामा पर्यटकको सङ्ख्या घटेको टीकापुर पार्कमा चाडपर्वसँगै पर्यटक पनि भित्रिन थालेका छन् । पार्कमा कात्तिकको १५ गतेसम्म १० हजार पर्यटकले पार्क अवलोकन गरेका छन् । पार्कमा सबैभन्दा बढी कात्तिक ८ गते एक हजार आठ सय र ९ गते एक हजार पाँच सय पर्यटक भित्रिएका छन् । कात्तिकमा मात्रै पार्कमा पर्यटकबाट दुई लाख ५० हजार राजस्व सङ्कलन भएको पार्क इञ्चार्ज अर्जुन कुँवरले जानकारी दिए । 'दशैँपछि पर्यटक बढेका छन्, पिकनिक खाने, फोटो खिच्ने, केही समय शान्त वातावरणमा रमाउनेहरु आउँछन्', उनी भन्छन्, 'देशका सबै जिल्लाका मानिस पार्क पुगेको तथ्याङ्क छ । सुदूरपश्चिम छिरेकाहरू एकपटक पार्क पुगौँ भन्छन् र घुमेर जान्छन् ।' कुँवरका अनुसार सुदूरपश्चिममा सबैभन्दा बढी पर्यटक पुग्ने ठाउँ टीकापुर पार्क हो । एकै दिनमा डेढ सयदेखि पाँच हजारले पार्क अवलोकन गर्न आउने गरेका छन् । पार्कमा बर्सेनि एक लाखदेखि डेढ लाखसम्म आउँछन् । धेरै मानिसहरूले पार्कमै पकाउने, पार्कमै खाने, पार्कमै रमाउने गरी आउँछन् जसले गर्दा पार्कको वातावरण सधैँ रमाइलो भइरहने स्थानीय टीका चौधरीले बताए ।

टीकापुर विकास समिति हटेपछि विसं २०६४ मङ्सिर ५ गते टीकापुर नगरपालिकाको स्वामित्वमा पार्कलाई हस्तान्तरण गरिएको हो । नगरपालिकाको स्वामित्वमा पार्क सञ्चालन भएपछि बजेट अभावमा पार्कमा कार्यरत कर्मचारी कटौती गरिँदा र विकासका थप पूर्वाधार निर्माण गर्न नसक्दा पार्कको सौन्दर्यमा कमी आउन थालेको गुनासो छ । हाल पार्कमा १३ जना सरसफाइकर्मी र कर्मचारी कार्यरत छन् । टीकापुर बजारदेखि चार किलोमिटर टाढा कर्णाली नदी किनारमा पार्क छ । पार्क ८५ बिघा क्षेत्रफलमा फैलिएको छ । बङ्गला क्षेत्र, नर्सरी र बगैँचाले करिब १३ बिघा जमिन ओगटेको छ । टीकापुर विकास समितिले नै पार्क क्षेत्रमा महेन्द्र आरोग्य गृह, रत्न उद्यान, वीरेन्द्र विश्राम वाटिका, ऐश्वर्य उद्यानलगायत पूर्वाधार खडा गरेको छ । शान्त वातावरण, चिटिक्क मिलाएका लन सजावट र मौसमी÷बेमौसमी फूलहरू टीकापुर पार्कका आकर्षण हुन् । राजा महेन्द्रले २०२४ सालमा टीकापुरमा आएर करिब डेढ महिना शयन गरेका थिए । टीकापुर बसेर राज्य चलाउन अप्ठ्यारो भएपछि राजा काठमाडौँ फर्कनुभयो र टीकापुर क्षेत्रमा सहर विकास गर्न र कर्णाली किनारमा पार्क बनाउन उनले निर्देशन दिएका थिए । विसं २०२८ मा भौतिक योजना तथा निर्माण मन्त्रालयअन्तर्गत टीकापुर विकास समिति स्थापना गरी तीन हजार एक सय ७३ बिघा जमिन दिएर सहर विकास गर्ने अधिकार सरकारले दिएको थियो । लाखौँ लगानी भएका र करोडौँ खर्च भइसकेका यी पूर्वाधारहरू टीकापुर विकास समिति हटेपछि नगरपालिकाको स्वामित्वमा छन् । त्यतिखेर विकास समितिले आफूसँग भएको जग्गा घडेरीका रूपमा बिक्री गर्दै पार्क संरक्षणका लागि खर्च जुटाउँदै आएको थियो । तर नगरपालिकाको स्वामित्वमा गएपछि बजेटको अभावमा लगानी हुन सकेको छैन । पार्कमा बनाइएको काठका रेलिङ कुहिनु र भत्किनाका साथै आरोग्य गृह र विश्राम वाटिका पनि जीर्ण हुँदै गएपछि हरेक वर्ष नगरपालिकाले मर्मतमा लाखौँ खर्चिने गरेको छ । तर पार्क जीर्ण बन्दै गएकाले पार्कको इतिहास जोगाउनेतर्फ ध्यान दिनुपर्ने स्थानीय निर्मला कडायतको सुझाव छ । 'पार्कमा भएको हराभरा हराएको छ, पार्क एक ताका गुलाबको बगैँचाका रुपमा चिनिन्थ्यो', उनी भन्छन्, 'पालिकाले त्यो जोगाउन सकेको देखिएन, पालिकाले केन्द्रीय बजेट ल्याउन सकेको पनि देखिएन । नगरपालिकाले लगानी गर्न नसक्दा पार्क जीर्ण बन्दै जान थालेको छ ।' टीकापुरकै ऐतिहासिक महत्त्व बोकेको ठाउँ टीकापुर पार्क हो । पार्क स्व राजा महेन्द्रको इतिहाससँग जोडिएको छ । पार्क संरक्षणका लागि खासै काम हुन नसके पनि पार्कको संरक्षणका लागि पालिका, स्थानीय सबै लाग्नुपर्ने टीकापुर नगरपालिका–५ का वडाध्यक्ष बलवीर थारू बताउँछन् । 'बजेट अभावमा पालिकाले सक्दो संरक्षण गरेको छ । यो पार्क देशकै पहिचान हो', थारू भन्छन्, 'पार्क संरक्षणमा पालिका मात्रले सम्भव छैन । यसमा स्थानीयको सहयोग, सरकारको विशेष लगानी आवश्यक छ ।' पार्क क्षेत्र पूरै घेरबार नभएकाले स्थानीयलगायत केही पर्यटक टिकट नकाटेर भित्रिने जोखिम रहेकाले राजस्वमा असर परेको छ ।




# बादप्रतिवाद गर्ने थलो बन्यो सदनः सांसद शर्मा



- 'सङ्क्रमणकालीन न्याय शान्ति प्रक्रियाको अभिन्न अङ्ग हो, यो टुङ्ग्याउनै पर्छ'
- कानुन निर्माणलाई प्राथमिकतामा राखेर जनताले उठाएका मागलाई सम्बोधन गर्न जिम्मेवार भएर लाग्नु पर्छ
- संसद्मा नीति तथा कानुन निर्माणका लागि नीतिगत बहस र छलफल गर्ने विषयमा कमी भएको छ

**काठमाडौँ ।**
'संसद्मा प्रवेश गर्दैगर्दा लाग्थ्यो,नीति निर्माणका विषयमा त्यहाँ गरमागरम बहस र छलफल हुन्छ । जस्तो सोचिएको थियो, त्यस्तो पाउन सकिएन । संसद्मा एकले अर्कालाई छेड हान्ने प्रवृत्ति देखियो ।', पछिल्लो एक वर्षको संसदीय अनुभव सुनाउँदै नेकपा (माओवादी केन्द्र)का सांसद नारायणी शर्माले भनिन्, 'यसबाट संसद् वास्तवमा कानुन तथा नीति निर्माणको थलो हो वा होइन भन्ने अनुभूति भयो । संसद्ले जुन दिशामा पकड्को मार्नु पर्दथ्र्यो, त्यसो हुन सकेन ।' सदन मुलुकको सर्वोच्च जनप्रतिनिधिमूलक संस्था हो । कानुन निर्माण कार्यान्वयनमा सदनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । संविधानसभाबाट जारी संविधान कार्यान्वयनका लागि अझै थुप्रै कानुन निर्माण गर्न बाँकी नै छ । संसद् कानुन निर्माणमा केन्द्रित हुनुपर्नेमा अन्य मुद्दामा बहकिएको भन्दै जनगुनासो आउने गरेको छ । सांसद स्वयंले संसद्मा नीति तथा कानुन निर्माणका लागि नीतिगत बहस र छलफल गर्ने विषयमा कमी भएको सार्वजनिकरूपमै अभिव्यक्त गर्दै आएकी छन् । माओवादी सांसद शर्मा एक वर्षका बीचमा जति पनि विधेयक प्रस्तुत भएका छन्, तिनलाई निष्कर्षमा पुर्याउनुपर्नेमा धिमा गतिमा काम भइरहेको स्वीकार छिन् । 'कानुन र नीति निर्माणमा संसद्भित्रको प्रमुख भूमिका निर्वाह गर्ने शक्तिलाई यो विषयले जति छुनपर्ने हो, त्यसो हुन सकेन कि भन्ने अनभूति भइरहेको छ', उनले भनिन्, 'कानुन निर्माणको सवालमा छलफल र बहसभन्दा पनि सदन छुट्टै विषयमा बहकियो । कुनै एउटा त्यस्तो मुद्दा उठाउने, मुद्दामा केन्द्रित भएर बादप्रतिवाद गर्ने थलोका रूपमा सदनको प्रयोग हुन थाल्यो ।' सांसद शर्माले संसद्ले आफ्नो भूमिकालाई प्रभावकारीरूपमा अगाडि बढाउन खोजिरहेको भए पनि जुन स्तरमा पुग्नपथ्र्यो, त्यसो हुन नसकिरहेको बताइन् । सैद्धान्तिकरूपमा सदन कानुन निर्माण गर्ने थलो भए पनि जनप्रतिनिधि जनतासँग पनि प्रत्यक्ष जोडिएको उल्लेख गर्दै उनले विकास निर्माणमा सांसदको भूमिका हुनु हुँदैन भनेर सोच्न हुँदैन भनिन् । 'गाउँ–गाउँमा स्वास्थ्य, शिक्षा, सडक, कृषिलगायत पूर्वाधार छैनन्, आधारभूत आवश्यकता पूरा होउन् भन्ने जनताको अपेक्षालाई पूर्णरूपमा माया मार्न हुँदैन । जनताको आवश्यकता पूरा गर्ने सांसदको जिम्मेवारी होइन, कानुन निर्माण गर्ने थलोमा यस्ता विषय उठाउन हुँदैन भनेर यसलाई नकारेर जानुपर्छ भन्ने लाग्दैन', उनले भनिन् । जनताको आकाङ्क्षालाई पनि सँगसँगै जोडेर लैजानुपर्नेमा जोड दिँदै उनले प्राथमिकताका सन्दर्भमा भने स्पष्ट हुनुपर्ने बताइन् । 'कानुन निर्माणलाई प्राथमिकतामा राख्नुपर्छ भने जनताले उठाएका मागलाई सम्बोधन गर्न पनि उत्तिकै जिम्मेवार हुनुपर्छ', उनले भनिन् । विसं २०३३ मा जन्मिएकी सांसद शर्मा विसं २०४७ देखि माओवादीमा आबद्ध भएकी हुन् । उनले २०५० सालमा माओवादीको पार्टी सदस्यता प्राप्त गरेकी थिइन् । सेल, एरिया, जिल्ला, क्षेत्रीय ब्यूरो सदस्य, केन्द्रीय सदस्य हुँदै उनी अहिले माओवादी केन्द्रको पोलिटब्यूरो सदस्य छिन् । दशवर्षे जनयुद्ध विस्तृत शान्ति सम्झौतामार्फत टुङ्गिएको भए पनि हालसम्म सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषय निष्कर्षमा पुग्न नसक्नु दुःखद् भएको उनको भनाइ छ । 'सङ्क्रमणकालीन न्याय शान्ति प्रक्रियाको अभिन्न अङ्ग हो, यो टुङ्ग्याउनै पर्छ', उनले भनिन्, 'शान्ति सम्झौता भएको डेढ दशक नाघिसके पनि अझै सदनमा पेस हुने थिति बनेको छैन ।' थाँती रहेको शान्ति प्रक्रियाको मुख्य काम टुङ्ग्याउन अझै चाहिरहेको छैनन् भन्ने आफूलाई लागेको उल्लेख गर्दै सांसद शर्माले विभिन्न बहाना, मुद्दा उठाएर मुख्य काममा केन्द्रित हुन नदिने प्रवृत्ति देखिएको बताइन् । 'शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्याउने भनेको माओवादीको मात्रै हो भनेको जस्तो देखिन्छ, मुलुकमा दिगो शान्ति कायम गर्ने विषय माओवादीको मात्रै त होइन, त्यतिबेलाको माओवादी, संसद्वादी सात राजनीतिक दलको सहभागितामा सहमति र सम्झौता गरेर अगाडि बढेको विषय हो', उनले भनिन् । अहिले व्यवहारमा शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्याउँदा राजनीतिकरूपमा माओवादीलाई नै फाइदा हुन्छ, यसलाई किन टुङ्ग्याउने भनेको जस्तो देखिएको उनको बुझाइ छ । 'राजनीतिक दलहरूले यस विषयलाई जुन ढङ्गले गम्भीरताका साथ लैजानुपथ्र्यो, त्यसो हुन सकिरहेको छैन', उनले भनिन् ।

# 'फूलैफूलको पहाड' बनाउने अभियान

**रासस**
**खोटाङ ।**
किरात ऐतिहासिकस्थल मझुवागढी जाने पदमार्ग दायाँबायाँ रोपिएका विभिन्न प्रजातिका फूल अहिले ढकमक्क फुलेका छन् । धार्मिक तथा पर्यटकीयस्थल मझुवागढी जाने फलामे रेलिङसहितको पदमार्ग दायाँबायाँ रोपिएका सयपत्री, मखमली, गोदावरी, चिचुचाङ्गे, बगान बेलिया, लालुपातेलगायत फूल ढकमक्क फुलेको देख्दा त्यहाँ पुग्ने जोकोही मानिसको मन लोभिने गरेको छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजार नजिकै रहेको पर्यटकीयस्थल मझुवागढीलाई बहुवर्षे फूलका बिरुवा रोपेर 'फूलैफूलको पहाड' बनाउने अभियान तीन वर्षअघि सुरु गरिएको थियो । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले सुरु गरेको अभियानअन्तर्गत लालीगुराँस, सुनाखरी, चाँप, जाकाराण्डा, कल्की, रुख कलम, कामिनी, समी, राजवृक्ष, धुपी, धुपी सल्ला, जाइ फूल, कपुर, पुवाले, मसला, असारे फूल, गुलाबलगायतका २० बजारभन्दा बढी बहुवर्षे फूलका बिरुवा रोपिएका छन् । यसका लागि आवश्यक गुरुयोजना तयार पारेर साझा सपना पूरा गर्ने गरी सुरु गरिएको अभियान साकार बन्दै गएको मझुवागढी संरक्षण समितिका अध्यक्ष बबि चाम्लिङले बताएका छन् । किरात ऐतिहासिकस्थल मझुवागढी, कालिका भगवती मन्दिर तथा बुद्धेश्वर महादेव गुफा आसपासका खाली जग्गा र त्यहाँ पुग्ने पदमार्ग आसपासका ठाउँमा बहुवर्षे फूलका बिरुवा रोपेर पर्यटकका लागि आकर्षक गन्तव्यस्थल बनाउने महत्वकाङ्क्षी तर, साझा परिकल्पना गरिएको थियो । धार्मिक तथा पर्यटकीयस्थल मझुवागढी आसपासको हाटडाँडा, डाँडाखर्क र मेघेचौतारा क्षेत्रलाई समेटेर सोभन्दा माथिल्लो भागलाई 'फूलैफूलको पहाड' बनाउने योजनाअन्तर्गत नगरपालिकाले बर्सेनि बजेटसमेत विनियोजन गर्दै आएको छ । मझुवागढी तथा कालिका भगवती मन्दिर सौन्दर्यकरणका लागि यस वर्ष प्रदेश सरकारबाट एक करोड ५३ लाख रुपैयाँ बजेटसमेत प्राप्त भएको जनाइएको छ । आन्तरिक पर्यटकको गन्तव्यस्थलका रूपमा विकास गर्न 'फूलको पहाड' बनाउने अभियान थालिएको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए । 'सुन्दर ठाउँ, वनजङ्गल, प्राकृतिक विविधता र धार्मिक ठाउँमा पर्यटक लोभिएको देखिन्छ । यहाँ तीनवटै चिज एकै ठाउँमा छ । यहाँ मझुवागढी, कालिका भगवती मन्दिर, बुद्धेश्वर महादेव गुफा र त्यसको बीचमा सामुदायिक वन छ', उनले भने, 'फूलको बगैँचा निर्माण गर्न सकियो भने मझुवागढीको पर्यापर्यटन विकासमा सघाउ पुग्नेछ । त्यसको नेतृत्व नगरपालिकाले गरेको छ । भविष्यमा यसले नगरपालिकाको आन्तरिक स्रोत वृद्धिमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।' दिक्तेलस्थित हाटडाँडाबाट करिब ४५ मिनेट पैदलयात्रापछि पुगिने धार्मिक तथा ऐतिहासिकस्थल मझुवागढीमा विसं १८०४ सम्म राजा रणवीर हाङले राज्य गरेको प्रमाण छ । चारैतिर हरियाली जङ्गलले घेरिएको मझुवागढीमा घुमफिर गर्ने, पिकनिक (वनभोज) खाने, अध्ययन भ्रमण गर्ने, साहित्यिक तथा साङ्गीतिक कार्यक्रम गर्नेलगायतका व्यक्ति तथा समूह पुग्ने गरेका छन् । किरात ऐतिहासिकस्थल मझुवागढीको उत्तरी दिशामा बारुद ढुङ्गा र हतियार निमार्ण गर्ने भट्टी रहेको छ । गढीको पूर्वमा फूलपातीडाँडा, राँगा आहल र दमाहा ढुङ्गा रहेको छ । त्यस्तै गढीको बीच भागमा मौली रहेको छ । उसबेला रणवीर राजाका रैतीहरूले दशैँ मान्नका लागि ल्याएका राँगा बोका राख्ने ठाउँलाई मौली भन्ने गरिन्थ्यो । मौलीभन्दा अलिक अगाडि पूजाआजा गर्ने ठाउँ छ । त्यसको केहीमाथि राजाको दरबार र कोट गार्ड (सुरक्षाकर्मी) बस्ने ठाउँ छ । गढीको दक्षिण दिशामा तारा खसेको ठाउँ रहेको छ भने गढीवरिपरि बम्कर घेरासमेत रहेको छ ।



मझुवागढीको केही तल कालिका भगवती मन्दिर रहेको छ । भगवती मन्दिरमा अहिले पनि दैनिकजसो बाख्राको पाठी बलि दिने गरिन्छ । मझुवागढीमा हरेक वर्षको उभौली र उधौली चाड अर्थात् वैशाखे र मङ्सिरे पूर्णिमामा पूजा गर्दै साकेला नाच्ने गरिन्छ । धार्मिक तथा पर्यटकीयस्थल मझुवागढीमा साकेला नाचका साथै रामनवमी, बालाचतुर्दशी, शिवरात्रि, हरितालिका तिजलगायतका चाडपर्वमा ठूलो मेलासमेत लाग्ने गर्दछ । धार्मिक तथा पर्यटकीयस्थल मझुवागढीमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या वृद्धि हुँदै गएको छ । मझुवागढी पर्यटकलाई लक्षित गरेर फलामे रेलिङसहितको पदमार्ग निर्माण, घाम तथा पानी परेको समयमा ओत लाग्ने स्टिलट्रस तथा आराम गर्ने स्टिलको फलैँचा र प्यास लागेको समयमा पिउनेपानीको व्यवस्था गरिएपछि आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा वृद्धि हुँदै गएको हो । उच्च हिमश्रृङ्खला तथा तराईका समथर भू–भागको राम्रोसँग दृष्यावलोकन गर्न सकिने मझुवागढीमा विशेषगरी शुक्रबार र शनिबार आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । बाह्रै महिना आन्तरिक पर्यटकको उत्तिकै चहलपहल रहने मझुवागढीमा सरकारी कार्यालय तथा शैक्षिक संस्था छुट्टी भएको समयमा अझ बढी पर्यटकको आवतजावत रहने स्थानीयवासीले बताएका छन् । मझुवाको अर्थमाझ अर्थात् बीच भन्ने बुझिन्छ । मझुवागढीको पश्चिम दिशामा महुरेगढी, हाल दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका–१३ नुनथलामा पर्छ । त्यस्तै पूर्वमा चुइचुम्मागढी दिप्रुङ चुइचुम्मा गाउँपालिका–१ याम्खामा पर्छ भने दक्षिणमा खाम्तेल गढी हाल हलेसी तुवाचुङ नगरपालिका–११ राजापानीमा पर्दछ । चारैतिर गढी नै गढीले घेरिएको मझुवागढी बीचमा पर्ने भएकाले त्यो ठाउँको नाम मझुवागढी भनिएको जानकार बताउँछन् । समुद्री सतहबाट करिब दुई हजार मिटर अग्लो डाँडामा रहेको मझुवागढीबाट चारैतिरका गढी प्रस्ट देखिन्छ । माझकिरात भनेर चिनिने पर्यटकीयस्थल मझुवागढी आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेपछि उनीहरूको आवतजावतमा सहज पार्नका लागि फलामे रेलिङसहितको पदमार्ग निर्माण गरिएको छ । तत्कालीन जिल्ला विकास समितिमार्फत सञ्चालित एसबीएलएल परियोजनाको ४० लाख ५० हजार रुपैयाँ र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको २० लाख रुपैयाँको लागतमा फलामे रेलिङसहितको पदमार्ग निर्माण गरिएको हो । मझुवागढीमा पर्यटकको सङ्ख्या दिनानुदिन वृद्धि हुँदै गएपछि सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा भौतिक पूर्वाधार विकास गर्ने काम भइरहेको नगर उपप्रमुख विशन राईले बताएका छन् । 'मझुवागढी हाम्रो ऐतिहासिक तथा सांस्कृतिक धरोहर हो । मझुवागढीलाई संरक्षण र विकास गर्न नगरपालिका लागिपरेको छ', उनले भने, 'मझुवागढीको चौतर्फी विकासमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती पनि सकारात्मक देखिनुभएको छ । उहाँले आफैँ आएर स्थलगतरूपमा अवलोकन भम्रण गर्नुभएपछि २० लाख रुपैयाँ बजेटसमेत उपलब्ध गराउनुभएको छ । यसले हाम्रो अभियानलाई ठूलो सहयोग पुगेको छ ।' मझुवागढीको पर्यटन विकासका लागि नगरपालिकाले प्रवेशद्वार, पदमार्ग निर्माण, खानेपानीको व्यवस्थालगायतका भौतिक पूर्वाधार निर्माणको गरेको छ । मझुवागढीलाई फूलैफूलको पहाड बनाउने अभियान सामाजिक सञ्जालमा देखेर विभिन्न क्षेत्रका व्यक्तिले आफू पनि सहभागी हुन पाउनुपर्ने अनुरोध आउने गरेको नगर प्रवक्ता एवं वडा नं ५ लफ्याङका वडाध्यक्ष दिनेश घिमिरेले जानकारी दिएका छन् ।

# वैदेशिक लगानी अपरिहार्य छः अर्थमन्त्री

**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको समृद्धि र आर्थिक रुपान्तरणका लागि ठूलो वित्तीय स्रोतको आवश्यकता रहेको र त्यसका लागि आन्तरिक स्रोत पर्याप्त नहुने भएकाले वैदेशिक लगानी अपरिहार्य रहेको बताएका छन् । बेलायतको राजधानी लन्डनस्थित नेपाली दूतावासले आयोजना गरेको उच्चस्तरीय लगानी सम्मेलनलाई सम्बोधन गर्दै अर्थमन्त्री डा महतले वैदेशिक लगानी अपरिहार्यतामा जोड दिएको उनको सचिवालय तथा लन्डनस्थित नेपाली राजदूतावासले जनाएको छ । नेपाल र संयुक्त अधिराज्यबीच सन् १९२३ मा सम्पन्न मैत्री सन्धि हस्ताक्षर भएको एक सय वर्ष पूरा भएको अवसरमा नेपाली दूतावासले 'सिटी अफ लन्डन' को 'म्यान्सन हाउस'मा मङ्गलबार एक उच्चस्तरीय लगानी सम्मेलनको आयोजना गरेको हो । अर्थमन्त्री डा महतले नेपाल सरकारले लगानीमैत्री वातावरणका लागि आवश्यक ऐन, कानुन निर्माण तथा परिमार्जन एवं संस्थागत व्यवस्था गरेको र यस वर्षको बजेटले लगानीकर्तालाई थप सहजीकरण गर्न विभिन्न सुधारका कार्य सुरु गरेको समेत बताए ।
उनले अन्तर्राष्ट्रिय वित्त बजारबाट पूँजी परिचालन गर्न आवश्यक कानुनी पूर्वाधार तयार गरिने जानकारी दिँदै आगामी दिनमा बेलायतबाट लगानीमा थप वृद्धि हुने विश्वास व्यक्त गरे ।
बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले नेपालले वित्तीय केन्द्र लन्डनबाट लगानीका दीर्घकालीन वित्तीय स्रोतहरुमार्फत बेलायतबाट नवीकरणीय ऊर्जा, सूचना प्रविधि, शिक्षा तथा पर्यटन क्षेत्रमा प्राथमिकताका साथ लगानी भित्र्याउन चाहेको बताए ।
नेपालले विद्युत् व्यापारका लागि छिमेकी मुलुक भारतसँग द्विपक्षीय सम्झौता गरेको तथा बङ्गलादेश समेत निर्यात गर्न तयारी गरेको बताउँदै नेपालको जलविद्युत्बाट नेपाल मात्र नभई दक्षिण एसियाली क्षेत्रमै जलवायु परिवर्तसम्बन्धी लक्ष्य पूरा गर्न सहयोग पुग्ने बताए । कार्यक्रममा सिटी अफ लन्डनका अल्डरम्यान तथा सेरिफ ब्रोनेक मसोजादाले सिटी अफ लन्डनमा प्रशस्त वित्तीय स्रोत तथा जोखिम बहन गर्ने बीमा कम्पनीहरु रहेका र नेपालको दिगो विकासका लागि सिटी अफ लन्डनको सहयोग रहने बताए । बेलायती परराष्ट्र मन्त्रालयका निर्देशक बेन मेलरले गत केही वर्षमा ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्टमार्फत नेपालका विभिन्न क्षेत्रमा लगानी बढ्दै गएको र वैदेशिक लगानीको वातावरण सुधारका लागि बेलायतले सहयोग गरिरहेको बताउँदै नेपालको अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने प्रक्रियालाई सहज बनाउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । बेलायती संसद्मा बेलायत नेपाल संसदीय समूहका अध्यक्ष वीरेन्द्र शर्माले नेपाल–बेलायत ऐतिहासिक सम्बन्धको चर्चा गर्दै नेपालका विभिन्न क्षेत्रमा लगानीका प्रशस्त सम्भावनाहरु रहेको बताए । युके एक्सपोर्ट फाइनान्सका प्रमुख कार्यकारी अधिकृत टिम रिडले नेपालका विभिन्न क्षेत्रमा १ दशमलव ५ बिलियन पाउन्डसम्म लगानी गर्न युके एक्सपोर्ट फाइनान्स तयार रहेको जानकारी दिए । विशेषगरी नेपालको नवीकरणीय ऊर्जा, सूचना प्रविधि एवं शिक्षा क्षेत्रमा लगानी भित्र्याउने बारेमा केन्द्रित सम्मेलनमा नवीकरणीय ऊर्जा तथा सूचना प्रविधिसम्बन्धी विषयमा सम्बन्धित व्यक्तिहरुसँग छुट्टाछुट्टै प्यानलमा छलफल भएको थियो भने शिक्षा




क्षेत्रमा नेपालमा रहेका अवसरहरुका बारेमा ब्रिटिस कलेजका अध्यक्ष राजन कँडेलले प्रस्तुति गरेका थिए । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले वैदेशिक लगानी स्वीकृति तथा विदेशी कम्पनीको लाभांस फिर्ता लैजाने प्रक्रिया सरलीकरण गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको लगानीकर्तालाई आश्वासन दिए । लगानी बोर्ड नेपालका सहसचिव अमृत लम्सालले वैदेशिक लगानीका लागि नेपालको विभिन्न क्षेत्रमा रहेका अवसरका बारेमा प्रस्तुति दिँदै वैदेशिक लगानी स्वीकृति तथा परियोजना कार्यान्वयन अवधिभर विदेशी लगानीकर्तालाई सहजीकरण गर्न लगानी बोर्ड प्रतिबद्ध रहेको बताए । त्यसैगरी, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीप देवले नेपालको ऊर्जा क्षेत्र विशेषगरी कार्यान्वयनमा रहेका जलविद्युत् परियोजनाहरु, भारत तथा चीनसँग विद्युत् विकास तथा खरिदका लागि भएका सम्झौताहरु एवं जलविद्युत् विकासका लागि नेपाल सरकारको आगामी योजनाका बारेमा उल्लेख गर्दै यसका लागि ठूलो पूँजीको आवश्यक रहेकाले लगानीकर्ताहरुका लागि यस क्षेत्रमा ठूलो अवसर रहेको बताए । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी मैत्री वातावरण भएको हुँदा वैदेशिक लगानीकर्तालाई निर्धक्क भएर लगानी गर्न निजी क्षेत्रको तर्फबाट आग्रह गरे । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपालका अध्यक्ष गणेश कार्कीले नेपालमा जलविद्युत् तथा अन्य नवीकरणीय ऊर्जाको क्षेत्रमा लगानीका अवसरका बारेमा जानकारी दिँदै नेपाल सरकारको भूमिका सकारात्मक रहेकाले वैदेशिक लगानीकर्ताहरुलाई नेपालमा लगानी गर्न आह्वान गरे । ब्रिटिस इन्टरनेसनल इन्भेष्टमेन्टका प्रबन्ध निर्देशक कोलिन बक्ली तथा डोल्मा इम्प्याक्ट फन्डका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत टिम गोचरले नेपालमा आफूहरुले गरेको लगानी फलदायी रहेको बताउँदै उत्तरदायी लगानीका लागि नेपाल उपयुक्त देश भएको औँल्याए । सम्मेलनमा नेपालमा लगानी गरिरहेका विकास वित्तीय संस्थाका तर्फबाट इन्भेस्ट फर इम्प्याक्ट नेपालका प्रमुख कार्यकारी अधिकृत विवेक श्रेष्ठले विकास वित्तीय संस्थाहरुको लगानीका बारेमा प्रस्तुति दिए ।
साथै नेपाल सरकार अर्थ मन्त्रालय तथा नेपालमा लगानी गरिरहेका छ वटा विकास वित्तीय संस्था— ब्रिटिश इन्टरनेसनल इन्भेस्टमेन्ट, बेलायत, एफएमओ, नेदरल्यान्ड, बायो, बेल्जियम, फिनफन्ड, फिनल्यान्ड, प्रोपार्को, फ्रान्स एवं साइफेम, स्वीट्जरल्यान्डबीच नेपालमा विकास वित्तीय संस्थाहरुको लगानी सहजीकरण गर्नेसम्बन्धी एक समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो ।
सम्मेलनको क्रममा अर्थमन्त्री डा महतले हिन्दुजा ग्रुप अफ इन्डस्ट्रिजका अध्यक्ष जिपी हिन्दुजासँग नेपालमा लगानी भित्र्याउने विषयमा छलफल गरेका थिए । सम्मेलनमा बेलायती बैङ्कर्स, निजी लगानीकर्ताहरु, बीमा कम्पनीहरु, बेलायतलगायत युरोपेली मुलुकका विकास वित्तीय संस्थाका प्रतिनिधिहरु, व्यापार मन्त्रालय एवं परराष्ट्र मन्त्रालयका पदाधिकारीहरु, नेपाली डायस्पोरा, नेपालमा लगानी गरिरहेका बेलायती कम्पनीहरुलगायत गरी करिब सय जनाको उपस्थिति रहेको थियो ।

# भारत–बङ्गलादेशबीचको रेल विद्युत् क्षेत्र परियोजनाको उद्घाटन



**एएनआई**
**नयाँदिल्ली ।**
प्रधानमन्त्री नरेन्द्र मोदी र उनका बङ्गलादेशी समकक्षी शेख हसिनाले बुधबार भिडियो कन्फरेन्सिङमार्फत भारतीय सहयोगमा निर्मित तीन वटा परियोजनाको संयुक्तरूपमा उद्घाटन गरेका छन् । ती परियोजनामा अखौरा–अगरतला क्रस बोर्डर रेल लिङ्क, खुलना–मोङ्गला पोर्ट रेल लाइन र बङ्गलादेशको रामपालमा मैत्री सुपर थर्मल पावर प्लान्टको युनिट–२ रहेका छन् । भारत र बङ्गलादेशबीच रेल र विद्युत् क्षेत्रको परियोजनाहरूको उद्घाटन दुवै मुलुकबीचको सम्बन्ध र साझेदारीलाई सुदृढ बनाउन केन्द्रित रहेको बताइएको छ । 'यी महत्वपूर्ण परियोजनाहरूको संयुक्त उद्घाटनले हाम्रा दुई मित्र राष्ट्रबीचको दृढ मित्रता र सहयोगलाई प्रकट गर्दछ । जी२० शिखर सम्मेलनमा भाग लिन सन् २०२३ सेप्टेम्बरमा मेरो भारत भ्रमणका क्रममा प्रधानमन्त्री मोदीको न्यानो आतिथ्यताका लागि म धन्यवाद दिन चाहन्छु', बङ्गलादेशका प्रधानमन्त्री हसिनाले भने, 'म हाम्रो दुवै मुलुकबीचको मित्रताको बन्धनलाई सुदृढ बनाउने तपाईंको प्रतिबद्धताप्रति आभार व्यक्त गर्दछु ।'
अखौरा–अगरतला क्रस बोर्डर रेल लिङ्क परियोजना भारत सरकारले बङ्गलादेशलाई दिएको तीन अर्ब ९२ करोड ५२ लाख भारतीय रुपैयाँको अनुदान सहयोगअन्तर्गत कार्यान्वयनमा ल्याइएको हो ।
बङ्गलादेशमा छ दशमलव ७८ किलोमिटर डबल गेज रेल लाइन र त्रिपुरामा पाँच दशमलव ४६ किलोमिटरसहित रेल लिङ्क गरी कूल लम्बाइ १२ दशमलव २४ किलोमिटर रहेको छ ।
खुलना–मोङ्गला पोर्ट रेल लाइन परियोजना भारत सरकारको सहुलियतपूर्ण ऋणअन्तर्गत ३८ करोड ८९ लाख २० हजार अमेरिकी डलरको लागतमा कार्यान्वयनमा ल्याइएको हो । यो परियोजनामा मोङ्गला बन्दरगाह र खुलनामा विद्यमान रेल नेटवर्कबीच करिब ६५ किलोमिटर ब्रोड गेज रेलमार्ग निर्माण समावेश छ । यसका साथै बङ्गलादेशको दोस्रो सबैभन्दा ठूलो बन्दरगाह मोङ्गला ब्रोड गेज रेलवे नेटवर्कसँग जोडिएको छ । मैत्री सुपर थर्मल पावर परियोजना एक अर्ब ६० करोड अमेरिकी डलरको भारतीय सहुलियतपूर्ण ऋणअन्तर्गत बङ्गलादेशको खुलना डिभिजनमा रामपालस्थित एक हजार तीन सय २० मेगावाटको सुपर थर्मल पावर प्लान्ट हो । परियोजना भारतको एनटीपीसी लिमिटेड र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीचको आधा आधा लगानी भएको बङ्गलादेश–भारत मैत्री पावर कम्पनी लिमिटेडले कार्यान्वयनमा ल्याएको हो । यी परियोजनाले यस क्षेत्रमा कनेक्टिभिटी र ऊर्जा सुरक्षालाई सुदृढ पार्नेछन् । पछिल्लो दशकमा बङ्गलादेश–भारत मैत्री संवादले दुवै देशबीच द्विपक्षीय सम्बन्धहरूलाई सुदृढ बनाउन महत्वपूर्ण मञ्चका रूपमा काम गरेको छ । बीएनएन न्युजका अनुसार यो वर्षको संवादको विषय 'बृहत् र पारस्परिकरूपमा लाभदायक साझेदारीलाई बढाउने' रहेको छ ।

# नेपाली क्रिकेट टोली विश्वकपमा छनोट भए १५ लाख रुपैयाँ दिइने

**मधेशदृष्टि**
**वीरगंज ।**
नोबेल मेडिकल कलेज टिचिङ अस्पतालले आइसिसी ट्वान्टी २० विश्वकप एसिया क्षेत्र फाइनल छनोटको खेलमा नेपाल फाइनलमा पुगेमा राष्ट्रिय क्रिकेट टोली र अफिसियलाई प्रोत्साहनस्वरुप १५ लाख रुपैयाँ दिने घोषणा गरेको छ ।
अस्पतालका प्रमुख कार्यकारी अधिकारी डा भोगेन्द्रप्रसादद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा राष्ट्रिय क्रिकेट टिम र अफिसियलाई एकमुष्ट १५ लाख रुपैयाँ दिने उल्लेख गरिएको छ ।
अस्पतालले प्रतियोगिताको फाइनल खेलमा पनि नेपाल विजयी भएमा थप पाँच लाख रुपैयाँ प्रदान गर्ने विज्ञप्तिमा जनाएको छ । नोबेल मेडिकल कलेज टिचिङ अस्पतालका पूर्वअध्यक्ष तथा प्रबन्ध निर्देशक र हाल मोरङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य डा सुनिलकुमार शर्माको अगुवाइमा अस्पतालले खेलाडीहरुलाई निःशुल्क एवम् सहुलियत शुल्कमा स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको पनि सो विज्ञप्तिमा उल्लेख गरिएको छ । नेपालमा क्रिकेट खेलको विकासमा सानो भए पनि सहयोग पुगोस् र खेलाडीमा हौसला प्रदान होस् भनेर सो प्रोत्साहन रकमको व्यवस्था गरिएको सांसद डा शर्माले बताए ।
कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान र माथिल्लो मूलपानी क्रिकेट मैदानमा भइरहेका प्रतियोगितामा नेपाल सेमिफाइनलमा पुगेको छ । नेपालले पहिलो खेलमा सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै विजयी भएको थियो भने दोस्रो खेलमा मलेसियालाई ६ विकेटले हराएउँदै सेमिफाइनलमा पुगेको हो । अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने ट्वान्टी २० विश्वकपको अन्तिम छनोटमा नेपालसहित आठ टोलीले प्रतिस्पर्धा गरिरहेका छन् । जसमा प्रतियोगिताबाट शीर्ष दुई टोली विश्वकपको लागि छनोट हुनेछन् । नेपाल समूह 'ए'मा परेको छ । नेपालको समूहमा सिङ्गापुर, मलेसिया र ओमान छन् । त्यस्तै समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई), हङकङ, बहराइन र कुवेत छन् । नेपालले अब आफ्नो तेस्रो खेल भोलि ओमानसँग खेल्नेछ ।

# १० करोड बराबरको केरा आयात



**रासस**
**खजुरा ।**
नेपालगन्ज जमुनाह नाकाबाट दुई महिनामा १० करोड रुपैयाँ बढीको केरा नेपाल आयात भएको छ ।
चालु आर्थिक वर्ष २०८०/८१ को साउन र भदौमा मात्र नेपालगन्ज भन्सार नाका हुँदै १० करोड ३१ लाख २५ हजार मूल्यबराबरको केरा आयात भएको छ । चाडपर्वका कारण दुई महिनामा केरा बढी आयात हुने गरेको र यो अवधिमा दुई हजार चार सय मेट्रिक टन केरा आयात भएको नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी डिल्लुप्रसाद शर्माले बताए । उनका अनुसार यहाँबाट आयात भएको केरा देशका विभिन्न बजारमा पुग्ने गरेको छ । स्थानीय बजारमात्र नभई बर्दिया, सुर्खेत, दाङ हुँदै चितवनको नारायणगढसम्म केरा खपत हुने गरेको छ । नेपालगन्जलगायत यस क्षेत्र केरालगायतका फलफूल उत्पादनको अवस्था न्यून छ । केरा उत्पादनका लागि किसान उत्साहित भए पनि भारतबाट आउने सस्तो मूल्यको केराका कारण किसानले उत्पादनतर्फ जोड नदिएको कृषि ज्ञान केन्द्र नेपालगन्जले जनाएको छ । नेपालगन्ज नाका हुँदै अन्य फलफूल आयात हुँदै आएको छ ।
स्वदेशी केरा उत्पादक किसानले भारतबाट आउने केरा तत्काल रोक्नुपर्ने माग राख्दै आएका छन् ।
भारतबाट केरा आयात गरिएकाले बाँकेमा उत्पादन भएको केरा बिक्री–वितरण हुन नसक्दा किसानले लिएको ऋण जोखिममा पर्ने खतरा रहेको केराखेती गर्ने किसान देवेन्द्र अधिकारीले बताए । उनका अनुसार बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका केरा कृषक र आश्रित परिवार बेरोजगारीको चपेटामा परी वैदेशिक रोजगारी जानुपर्ने सम्भावना बढेको छ । बाँके र बर्दिया जिल्लामा चार हजार किसानले दुई हजार पाँच सय हेक्टरमा व्यावसायिक केराखेती गरिरहेका छन् ।

# बोलिभियाले इजराइलसँगको कूटनीतिक सम्बन्ध तोड्यो

**एएफपी**
**ला पाज ।**
दुई ल्याटिन अमेरिकी देशले बढ्दो मानवीय सङ्कटका कारण इजराइलबाट आफ्ना राजदूतलाई फिर्ता बोलाएसँगै बोलिभियाले गाजामा 'असमान' हमलालाई लिएर इजराइलसँगको कूटनीतिक सम्बन्ध तोडेको मङ्गलबार बताएको छ । 'बोलिभियाले गाजापट्टीमा भइरहेको आक्रामक र असमान इजराइली सैन्य हमलाको खण्डन र भत्र्सना गर्दै इजराइलसँगको कूटनीतिक सम्बन्ध तोड्ने निर्णय गरेको छ', उपविदेशमन्त्री फ्रेड्डी मामानीले पत्रकार सम्मेलनमा भने ।
राष्ट्रपतीय मन्त्री मारिया नेला प्रादाले पनि गाजामा मानवीय सहयोग पठाउन लागिरहेको घोषणा गरे । 'हामी गाजापट्टीमा हमला अन्त्य गर्न माग गर्दछौँ, हमलाका कारण अहिलेसम्म हजारौँ नागरिकको मृत्यु भएको छ र प्यालेस्टिनीहरू जबरजस्ती विस्थापित भएका छन्', सोही पत्रकार सम्मेलनमा उनले भने ।
अक्टोबर ७ मा हमासको आक्रमणसँगै विभाजनकारी सङ्घर्ष सुरु भएपछि वामपन्थी लुइस आर्सेको सरकार इजराइलसँग सम्बन्ध तोड्ने पहिलो ल्याटिन अमेरिकी सरकार बनेको छ । हमासले गरेको हमलामा एक हजार चार सयभन्दा बढी मानिस मारिएको इजराइली अधिकारीहरूले बताएका छन् । इजराइलले बुधबार बोलिभियाको कदमलाई 'आतङ्कवादसामु आत्मसमर्पण' भन्दै आलोचना गरेको छ ।
'यस्तो कदम चालेर बोलिभिया सरकारले स्वयंलाई हमास आतङ्कवादी सङ्गठनसँग जोडिरहेको छ', इजराइली विदेश मन्त्रालयका प्रवक्ता लियोर हयातले एक विज्ञप्तिमा भने । बोलिभियाले गाजापट्टीमा अघिल्लो आक्रमण भएको एक दशकपछि सन् २०१९ मा इजराइलसँग कूटनीतिक सम्बन्ध पुनःस्थापित गर्ने घोषणा गरेको थियो ।
हमासले मङ्गलबार बोलिभियाको निर्णयको सराहना गर्दै बोलिभियालाई 'उच्च सम्मानमा राखेको' बताएको छ । उसले इजराइलसँग आफ्नो सम्बन्धलाई सामान्य बनाएका अरब मुलुकहरूलाई पनि बोलिभियाको जस्तै निर्णय लिन आग्रह गरेको छ । कोलम्बिया र चिलीका नेताहरूले पनि मङ्गलबार हमासमाथि इजराइली हमलाविरुद्ध बोलेका छन् ।
हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले इजराइली हमलामा अहिलेसम्म दुई तिहाई महिला र बालबालिकासहित आठ हजार पाँच सय प्यालेस्टिनी मारिएको बताएको छ । 'मैले परामर्शका लागि इजराइलमा आफ्नो राजदूत (मार्गारिटा मन्जरेज) लाई फिर्ता बोलाउने निर्णय गरेको छु, यदि इजराइलले प्यालेस्टिनी नागरिकको नरसंहारलाई रोकेन भने हामी त्यहाँ रहने छैनौँ', कोलम्बियाका वामपन्थी राष्ट्रपति गुस्ताभो पेत्रोले सामाजिक सञ्जाल एक्समा लेखेका छन् । अरब संसारबाहिर सबैभन्दा धेरै प्यालेस्टिनीहरूको जनसङ्ख्या भएको चिलीले मङ्गलबार इजराइलको 'अन्तर्राष्ट्रिय मानवीय कानूनको अस्वीकार्य उल्लङ्घन' को विरोधमा इजराइलबाट आफ्नो राजदूतलाई फिर्ता बोलाएको बताएको छ । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को स्थायी अध्यक्षता गरेको ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले युद्धविरामका लागि आग्रह गरेका छन् ।

**इजराइलविरुद्ध प्यालेस्टिनी आतङ्कवादीहरूको 'आतङ्ककारी हमला' ले गाजामा 'लाखौँ निर्दोष' को हत्यालाई औचित्यपूर्ण मान्न नसकिने उल्लेख गर्दै उनले सामाजिक सञ्जालमा लाइभ सम्बोधनमा भनेका छन्, 'हमासले इजराइलविरुद्ध आतङ्कवादी हमला गरेका कारण इजराइलले पनि लाखौँ निर्दोष मानिसलाई मार्नुपर्छ भन्ने होइन ।'**

### गाजा युद्धमा नौ इजराइली सैनिक मारिए– सेना

मङ्गलबार गाजामा युद्धका क्रममा नौ इजराइली सैनिक मारिएको सेनाले बताएको छ । योसँगै अक्टोबार ७ यता अहिलेसम्म मारिने इजराइली सैनिकको कूल सङ्ख्या तीन सय २६ पुगेको छ । सेनाका अनुसार मङ्गलबार प्यालेस्टिनी क्षेत्रमा भएको लडाइँमा दुई सैनिक गम्भीर घाइते भएका छन् । प्यालेस्टिनी आतङ्कवादी सङ्गठन हमासद्वारा इजराइलको इतिहासमा सबैभन्दा खराब हमलापछि हमासविरुद्ध इजराइली सेना युद्धमा होमिएको छ । यसैबीच गाजाको सबैभन्दा ठूलो शरणार्थी शिविरमा भएको इजराइली हमलामा मङ्गलबार कम्तीमा ४७ मानिस मारिएका छन् । इजराइलले मारिनेमा अक्टोबर ७ को हमलामा संलग्न हमास कमान्डर पनि रहेको बताएको छ । राति हुनुभन्दा पहिला बाक्लो जनसङ्ख्या भएको जबालिया शिविरमा ठूलो विस्फोट हुँदा वरपरका भवनका बाहिरी भाग क्षतिग्रस्त भएको थियो भने फोहोरले भरिएको एउटा गहिरो खाडल बनेको थियो । सयौँ दर्शक र स्वयंसेवकहरू कङ्क्रिट ब्लकहरूमा पञ्जा लगाएर जीवितहरूलाई खोजिरहेका थिए । एएफपीले कम्तीमा ४७ शव फेला परेको बताएको छ । स्थानीय बासिन्दा ४१ वर्षीय राघेब अकलले विस्फोटको तुलना 'भूकम्प' सँग तुलना गर्दै भग्नावशेषमा दबिएका घर र शरीरमा चोट लागेका ठूलो सङ्ख्यामा घाइते र शवहरू देखेको बताए । आफ्नो युद्धक विमानहरूले साइटमा एउटा 'विशाल' सुरुङ परिसरमा हमला गरेको इजराइलले बताएको छ । इजराइली सेनाका अनुसार सुरुङ परिसरमा स्थानीय बटालियन कमान्डर इब्राहिम बियारीसहित थुप्रै आतङ्कवादी मारिएका थिए । सेनाका प्रवक्ता जोनाथल कन्रिकसले बियारीलाई गत महिना इजराइलमा हमासको हमलाको 'योजना र कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने' बताए । हमासको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सयको ज्यान गएको थियो । इजराइलका नेताहरूले मुलुकको इतिहासमा सबैभन्दा खराब हमलाको बदला लिनका लागि हमासलाई 'निमिट्यान्न' पार्ने वाचा गरेका छन् ।

# बटेश्वमा चारदिवसीय महावीर झण्डा मेला सुरु



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
धनुषाको बटेश्वर गाउँपालिका–२ धुमासन टोलमा मंगलबारदेखि महावीर झण्डा मेला प्रारम्भ भएको छ । मंगलबार बिहान झण्डै ६ सयको संख्यामा कलससहितको शोभा यात्रा गर्दै श्री श्री १०८ श्री महावीर झण्डा ठड्याइएको हो । झण्डा ठड्याएसंगै चारदीवसीय मेलाको विधिवत सुरुवात भएको हो ।
कलश तथा झण्डा ठड्याउने कार्यक्रममा नेकपा एकीकृत समाजवादी पार्टीका नेता तथा पूर्व मन्त्री सत्रुधन महतो, बटेश्वर गाउँपालिका अध्यक्ष रामअशिष महतो, उपाध्यक्ष फुलकुमारी सिंह, वडा नम्बर १ का वडाध्यक्ष अशोक महतो, वडा नं। २ का वडाध्यक्ष विजयकुमार महतो, एकीकृत समाजवादी पार्टीकी नेतृ ववी महतो लगायत स्थानीय राजनीतिक दलका प्रतिनिधि,गंगोत्री बोर्डिंग स्कुलका संचालक गाणेश साह, समाजसेवी, वुद्धिजिवी युवा, महिला लगायत एक हजारौंको सहभागिता रहेको थियो ।मेलामा मंगलवारदेखि नाचगानसहितका सांस्कृतिक कार्यक्रमसहितको खेलतामासा रहेको मेला व्यवस्थापन समितिका अध्यक्ष रामनाथ महतोले बताए ।
स्थानीय रामबहादुर महतोको पहलमा लगाएको झण्डा मेलामा गाउँसमाजले चन्दा संकलन गरी लगाएको छ । जसमा वडाध्यक्ष विजयकुमार महतोको विशेष सहयोग रहेको छ भने मेला व्यवस्थापनका लागि गाउँसमाजका तर्फबाट रामनाथ महतो अध्यक्ष रहने गरी समिति बनाइएको छ । समितिको उपाध्यक्षमा राजकुमार महतो, सचिव कृष्णकुमार महतो, सहसचिव रामचन्द्र महतो, कोषाध्यक्षमा राजकुमार यादव रहेका छन् । यही ठाउँमा रामबहादुर महतोले एकल रुपमै २५ वर्ष अघि झण्डा मेला आयोजना गरेका थिए ।

# जिल्लास्तरीय बुद्धिचालका विजेताहरु पुरस्कृत





**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जिल्लास्तरीय बुद्धिचाल प्रतियोगितामा विरेन्द्रकुमार महतो प्रथम विजेता भएका छन् ।
बुधबार जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १० को आयोजनामा धनुषा जिल्ला स्तरीय बुद्धिचाल प्रतियोगितामा प्रथम विजेता महतोसहित १० जना विजेतालाई पुरस्कृतसमेत गरिएको छ । बुद्धिचाल प्रतियोगितामा स्थानीय महतो प्रथम भए भने सुरेन्द्र भगत द्वितीय, चन्दन शर्मा तृतीय र सुनिल ठाकुर चौथो स्थान ल्याएका छन् ।
त्यस्तै यस प्रतियोगितामा प्रथम भएका महतोलाई १० हजार रुपैयाँ नगद, दोस्रो स्थान ल्याएका भगतलाई ८ हजार रुपैयाँ नगद र तेस्रो स्थान ल्याएका शर्मालाई ५ हजार रुपैयाँ नगद राशीको पुरस्कार प्रदान गरिएको रेफ्रि ज्ञानेन्द्र खाइजुले जानकारी दिए ।त्यस्तै चौथोदेखि दशौँ स्थानसम्म प्राप्त गरेका प्रतियोगीलाई २ हजार रुपैयाँ नगद राशीको सान्त्वना पुरस्कार प्रदानसमेत गरिएको छ ।
विजेता खेलाडीहरुलाई साहित्यकार डा. राजेन्द्र प्रसाद विमल र साहित्यकार रोशन जनकपुरी र जनकपुरधाम वडा नम्बर १० का वडा अध्यक्ष मिथिलेश कर्णले संयुक्तरुपमा विजेताहरुलाई पुरस्कार वितरण गरेका थिए ।

# कुरुवा घर नहुँदा बिरामीलाई सास्ती

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
प्रादेशिक अस्पताल जनकपुरधाममा कुरुवा घर र भान्छा घर नहुँदा कुरुवा र बिरामीले सास्ती भोग्दै आएका छन् । कुरुवा घरको अभावमा कुरुवाहरूले बिरामीले प्रयोग गर्ने शौचालयमै नुहाइधुवाइ गर्नुपर्ने र बिरामीसँगै सुत्नुपर्ने तथा इमरजेन्सी गेटमै खाना पकाएर खानुपर्ने बाध्यता रहेको छ ।
सर्लाहीका नारायण दास आफू र आफ्नो छोराको उपचार गराउन आइतबार राति प्रादेशिक अस्पताल जनकपुरधाम पुगे । छोरालाई हर्निया र आफूलाई पथ्थरीको उपचार गराउन अस्पताल आएका दाससँगै परिवारका अन्य सदस्यहरु पनि अस्पताल पुगे । वार्डमा खटिएकी छोरी र नातिनीले एक झप्को सुत्न नपाई रात काटे । बाँकी दुईजनाले अस्पतालको आकस्मिक कक्ष बाहिरको पेटीमा रात काटे । कुरुवासँगै दास पनि रातभरि निदाउनै सकेनन् । अस्पतालभित्र कुरुवाको सामान राख्ने व्यवस्था नहुँदा उनी जस्तै अन्य दुई कुरुवाले आफ्नो लुगाफाटा साथै बोकेर हिँडे । 'भित्र राखौं भने गार्डले सबैलाई बस्न दिँदैनन्, बाहिर राख्ने ठाउँ छैन' दासले भने । वार्डमै उपचाररत अन्य कुरुवाहरुको पनि यस्तै भोगाइ छ ।
दुई सातादेखि अस्पतालमै रहेका उनीहरूले कुरुवाघरको अभावमा नुहाउन, खाना पकाउन र लुगाधुन पाएका छैनन् । दास परिवार ठाउँ अभावमा अस्पतालको इमरजेन्सी गेट पछाडी बिहान र बेलुका खाना पकाएर खाने गरेका छन् । उनीजस्तै अन्य कुरुवाहरु पनि त्यसै ठाउँमा खाना बनाउँदै आएका छन् । कुरुवाघर र भान्छा घर नहुँदा सास्ती पाउने कुरुवा यिनीहरु मात्र होइनन् । यस अस्पतलामा कुरुवा घरको व्यवस्था नुहँदा सास्ती नपाउने कुरुवा शायदै होलान् ।
अस्पतालका बिरामीका कुरुवाहरू अस्पताल भवनको 'करिडोर'मै सु◌ुत्छन् । एकजना कुरुवा बिरामीसँग सुत्छन्, अरु त बाहिर प्यासेजमा सुत्छन् । कुरुवा घरको अभावमा कुरुवाहरूले बिरामीले प्रयोग गर्ने शौचालयमै नुहाइधुवाइ गर्नुपर्ने र बिरामीसँगै सुत्नुपर्ने बाध्यता रहेको दासले बताए ।
अस्पतालका निर्देशक प्रा. डा. रामनरेश पण्डितका अनुसार अस्पतालमा पहिलादेखि नै कुरुवाघर र भान्छा घरको व्यवस्था छैन । कुरुवाघरकै लागि भनेर छुट्टै भवन भने नभएको पण्डितले बताए । उनले यहाँ कुरुवा घरको व्यवस्था गरियो भने त्यो व्यापारको नयाँ स्थान बन्ने सम्भावना रहेको बताए ।
नवजात शिशुका आमाहरू कुरुवाको रुपमा बस्नुपर्ने हुनाले अस्पतालकै केही कोठा कुरुवा घरको रुपमा प्रयोग भएको उनले बताए । तर ती ठाउँमा कुरुवाका लागि आवश्यक खाना पकाउन मिल्ने, सुत्न मिल्ने ठाउँ भने छैनन् । उनले एक दुई महिनाभित्रै अस्पतालमा कुरुवा घर र भान्छा घर निर्माण गर्ने प्रतिबद्धता जनाएका छन् । नयाँ भवन बनिसकेपछि कुरुवाघरको प्रयोग हुने उनले बताए ।
अस्पतालका प्रशासकहरु आफं◌ैमा कुरुवाघर हुनुपर्नेमा धेरैजसो प्रशासक सहमत देखिन्छन् । निर्देशक डा. पण्डितले कुरुवा घरमा सुत्न मिल्ने, आवश्यकताअनुसार खाना पकाउन मिल्ने, सुरक्षा, महिला–पुरुषको लागि छुट्टा–छुट्टै शौचालय, स्नानगृहको व्यवस्था हुनुपर्ने बताए । नेपालका अस्पतालहरुमा व्यवस्थित कुरुवाघरको व्यवस्था हुन नसकेको डा. पण्डितले स्वीकारे ।

# इरिक्सा चालकको ६ बुँदे माग



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले इरिक्साको व्यवस्थापनका लागि बनाएको मस्यौदाप्रति नेपाल इरिक्सा मजदुर संगठन धनुषाले आपत्ति जनाएका छन् । बुधबार नेपाल इरिक्सा मजदुर संगठन धनुषाका अध्यक्ष बिरेन्द्रकुमार महतोले पत्रकार सम्मेलन गरि गुपचुपरुपमा ल्याएको ई–रिक्सा व्यवस्थापन सम्बन्धी बनाएको मस्यौदा आफुहरुलाई अमान्य रहेको बताएका हुन् ।
जनकपुरधाम उपमहानगरपालिकाले आफुहरु ६ बुँदे माग पुरा नगरे शनिबारदेखि चरणवद्ध आन्दोलन गर्ने अध्यक्ष महतोले चेतावनी दिएका हुन् । संगठनले जनकपुरधाम उपमहानगर पालिका अन्तर्गत इरिक्साको दर्ता हुनुपर्ने, इरिक्सा चालकलाई जनकपुरधाम उपमहानगरको र नेपाल इरिक्सा मजदुर संगठन धनुषाको सिफारिसमा चालक अनुमति पत्र उपलब्ध गराउँनु पर्ने बताएका छन् । यस्तै जनकपुरधाम उपमहानगर भित्र प्रत्येक चोकमा इरिक्सा स्ट्याण्ड कायम हुनुपर्ने, इरिक्सा चालकहरुलाई सेफ्टी पोशाक र जुत्ता उपलब्ध गराउनुपर्ने, इरिक्सा चालकहरुलाई स्वास्थ्य जाँच तथा जीवन वीमा उपलब्ध गराउनुपर्ने माँग गरेका छन ।
संगठनले विभिन्न संघसंस्थाका प्रतिनिधिमुलक छलफल गरी जनकपुरधाम उपमहानगरले दर रेट निर्धारण गर्नुपर्ने माग राखेका छन् ।

# १८ वर्षीया युवती एकघण्टे शिक्षामन्त्री बनिन्

**टिकाराम सुनार र**
**चन्दन ठाकुर /रासस**
**जनकपुरधाम ।**
'रिल' मा एक दिनका लागि मन्त्री÷मुख्यमन्त्री बनेका घटना र दृश्य अहिलेको 'भर्चुअल' समाजका लागि नौलो होइन । यो धनुषाको जनकनन्दिनी गाउँपालिकाकी १८ वर्षीया किशोरी रजीना खातुनका लागि पनि 'रिल'मा नौलो विषय होइन ।
तर 'रिल' मा देखे सुनेको घटना वास्तविक (रियल) मै आफ्नो जीवनमा आउला भन्ने कुरा रजीनाले कल्पनासमेत गरेकी थिइनन् ।
बुधबार उनको जीवनमा कल्पना नगरेकै घटना भयो अर्थात् रजीना एक घण्टाका लागि मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृतिमन्त्री बन्नुभयो । कहिल्यै मन्त्रालय नटेकेकी १८ वर्षीया युवती एकाएक मन्त्री बनेपछि एकछिन अक्मकिइन् । जब प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री महेशप्रसाद यादवले आफू बसेको कुर्सी खाली गरेर रजीनालाई जिम्मेवारी हस्तान्तरण गरे तब यो घटनाले स्वयम् रजीना र उनीसँगै आएका बालिकाले हर्षविभोर हुँदै ताली पड्काए ।
कलिलो उमेरकी किशोरी अर्कोतर्फ सीमान्तकृत मुस्लिम समुदायकी एक महिला । प्रदेश सरकारले पहिलो पाँचवर्षे कार्यकाल सकेर दोस्रो कार्यकालको एक वर्ष बितिसक्दा पनि अहिलेसम्म सो समुदायबाट कुनै पनि महिलाले मन्त्री बन्ने अवसर पाएका छैनन् ।
यहीबेला मुस्लिम समुदायकी एक किशोरी मन्त्री बनेपछि माहोल एकछिन खुसीसँगै स्तब्ध बन्यो । रजीना बेलबेला भावुक बनिन् । 'मन्त्रालय र मन्त्री बस्ने



कोठा कस्ता हुन्छन् भनेर नदेखेकी म एकाएक मन्त्री भएपछि सपनाजस्तै लागिरहेको छ,' मलीन मुद्रामा उनले भनिन्, 'यो जिम्मेवारी मेरो र आम किशोरीहरूको आत्मसम्मान, अवसर र सहभागिताको एक अभिव्यक्ति पनि हो ।'
यो घटना न रिलमा हो न रियलमा । अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा गत ११ अक्टोबरदेखि सुरु भएको 'गल्र्स टेक ओभर' अर्थात् 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रमअन्तर्गत बुधबार प्रतिकात्मक रूपमा रजीनालाई एकघण्टे मन्त्री बनाइएको हो । यो अभियान सञ्चालन गरिरहेको प्लान इन्टरनेसनल नेपालका अञ्जु शाक्यले किशोरी सशक्तिकरणको एक नियमित अभियानअन्तर्गत यस्तो अभ्यास गरिएको जानकारी दिनइन् ।
'अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा अक्टोबर ११ देखि विभिन्न सरकारी निकाय, सङ्घसंस्था, मिडिया, दूतावास, शैक्षिक संस्थालगायतमा एक दिनका लागि प्रमुख व्यक्तिको कार्यभार किशोरीलाई हस्तान्तरण गर्ने अभियान चलिरहेको छ,' शाक्यले भनिन्, 'यो कार्य देशका विभिन्न सात जिल्लाका ५० जना किशोरीहरूले विभिन्न संस्थामा ५० पदको नेतृत्व लिइसकेका छन् । जिल्ला, प्रदेश, सङ्घीयस्तरमा हुने प्रत्येक पदभार ग्रहणको समयमा किशोरीमाथि लगानी, समावेशितामा आधारित किशोरी लक्षित कार्यक्रम र किशोरी तथा युवा महिलाको शक्ति र नेतृत्वका बारेमा संस्थाको प्रतिबद्धता रहने र हुनुपर्नेमा छलफल हुने गरेको छ ।'
उनका अनुसार सोही अभियानअन्तर्गत मधेश प्रदेशमा पनि 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रम भइरहेका छन् । कार्यक्रममा प्रदेश सरकारका शिक्षामन्त्री यादव पनि कार्यक्रम अवधिभरसँगै रहे । मन्त्रीको हैसियतमा रजीनाले मन्त्रालयका योजना, गतिविधि र कार्यक्रमबारे जानकारी लिनुका साथै सहभागी अन्य सहकर्मीबाट प्रश्नोत्तर शैलीमा जिज्ञासासमेत सुनिन् ।
जवाफमा मन्त्री रजीनाले भनिन्, 'मन्त्रालयका योजना सुनेर मलाई खुसी लागेको छ । तर हाम्रो गाउँघरमा सामुदायिक विद्यालयको अवस्था नाजुक छ । पर्याप्त कक्षाकोठा, टेबुल कुर्ची, शौचालय छैनन् । किशोरीहरूलाई महिनावारी भएका बेला विद्यालय जान निकै कठिन भइरहेको छ । प्याड दिने भनिए पनि हामीले आवश्यकतानुसार पाएका छैनाँ◌ै । त्यसकारण भौतिक पूर्वाधार र गुणस्तरीय शिक्षण सिकाइमा विशेष ध्यानदिन म आग्रह गर्दछु ।'
रजीनाको आत्मविश्वास मिश्रित गुनासो, अपेक्षा र पीडा प्रत्यक्ष हेरिरहेएका मन्त्री यादवले युवतीलाई भविष्यमा नेतृत्व लिन र आत्मविश्वास बढाउनमा यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने धारणा राखे । 'मधेश प्रदेश सरकारले किशोरीहरूका लागि बेटी पढाऊ, बेटी बचाउ, छोरी शिक्षा, छोरी बीमा, साइकल वितरणलगायतका योजनाहरू ल्याएको छ,' उनले भने, 'ती योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि ध्यान दिँदादिँदै पनि सबै ठाउँका समस्या समाधान गर्न सकिएको छैन । म नेतृत्वमा रहुन्जेल तपाईंहरूका गुनासा सम्बोधनको प्रयास गर्नेछु ।'
प्लान इन्टरनेसनल नेपालको पूर्वी क्षेत्रीय कार्यालय जनकपुरका प्रबन्धक रविशङ्कर पण्डितले महिला सशक्तीकरणबारे सचेतना फैलाउन र अवसर पाएमा महिलाले पनि सबै जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सक्छन् भन्ने सन्देश फैलाउने उद्देश्यले रजीनालाई एक दिनका लागि मन्त्री बनाइएको बताए । 'गल्र्स टेक ओभर अभियानले बालिका तथा किशोरीलाई निर्णायक भूमिकामा राखी उनीहरूको विचार तथा जीवनमा भोगेका चुनौतीका बारेमा जानकारी लिन, उनीहरूका साझा सवालमा निर्णायकर्ता, नेता तथा परिवर्तनका संवाहकको दृष्टिकोण परिवर्तन गर्न सघाउ पुगोस् भन्ने हाम्रो उद्देश्यले हो,' पण्डितले भने ।साथै किशोरीलाई सशक्त महसुस गराउन, उनीहरूलाई रोल मोडेलसँग साक्षात्कार गराउन र आफ्नो भविष्यका लागि प्रेरित गर्नका लागि यो अभियान सञ्चालन गरिएको उनको भनाइ थियो ।
एकदिने मन्त्री बनेकी रजीना जनकनन्दिनी गाउँपालिकास्थित राष्ट्रिय मावि कक्षा ९ की छात्रा हुन् । शारिरिक रूपमा अपाङ्गतासमेत रहेकी खातुन स्थानीयस्तरमा बालविवाह नियन्त्रण, छोरीलाई शिक्षा, सामाजिक कुरीति तथा कुसंस्कारविरुद्ध एक अभियानीका रूपमा पनि परिचित छिन् ।



# मिटर ब्याजपीडितले न्याय नपाउने १८ कारण



अनुचित लेनदेनसम्बन्धी समस्या र कानुन कार्यान्वयनको विषय यतिबेला निकै जटिल मोडमा पुगेको देखिन्छ । मिटरब्याजी को हुन् र को पीडित ? भन्ने विषयको निधो गर्न सहज छैन । कुनै बेला पीडितकै पक्षमा वकालत गर्दागर्दै पनि गलत ट्र्याकमा त परिएको छैन भन्ने सोच्न बाध्य हुनेगरेको अनुभूति सुनाउँदै **अनुचित लेनदेन (मिटरब्याजी) विरुद्ध संघर्ष समितिका संयोजक राजाराम यादवले मधेशदृष्टिका सुरेश यादव**सँग गरेको कुराकानीः

***के हो मिटरब्याजी समस्या ?***

***नेपालको कानुनअनुसार घरव्यवहारका लागि साहुले ऋणीलाई दिइएको वास्तविक रकमको तमसुक, १० प्रतिशत ब्याज र १० वर्षसम्मको साँवा ब्याज हुनुपर्नेमा सामाजिक कुप्रथाको रुपमा साहुले एक लाख दिँदा चार लाखको तमसुक बनाउने, वार्षिक ३६ प्रतिशतसम्म ब्याज लिने र वर्षैपिच्छे ब्याजलाई समेत मूलधनमा परिणत गरी ब्याजको स्याज उठाउने प्रवृति नै मिटरब्याजी हो ।***

***कानुनले के भन्छ ?***

***वास्तविक लेनदेन भएको रकमको मात्र तमसुक बनाउन पाउने र वार्षिक १० प्रतिशतसम्म ब्याज लिई १० वर्षसम्मको अवधिलाई हिसाबगरी साँवा, ब्याज ऋणीले धनीलाई बुझाउनुपर्ने कानुनले व्यवस्था गरेको छ । यी बाहेकको हरेक गतिविधि अनुचित लेनदेनभित्र पर्छ ।***

**समस्याः १**

धेरैजसो साहुले जग्गा धितो राख्नुको साटो राजीनामा (पास) गराएर ऋण दिएको देखिन्छ । यस्ता साहुलाई सिडिओ र एसपीले मिटरब्याजीको दायरामा राख्नै चाहेका छैनन् । कानुन कार्यान्वयनको क्रममा हामीले भोगिरहेको एक प्रमुख समस्या यो हो ।

**समस्याः २**

ऋणीलाई रकम दिनेबेलामा साहुले तीनदेखि चार गुणासम्म बढाएर तमसुक बनाइहाल्छन् तर ऋणिले साहुलाई बीचबीचमा बुझाउने रकमको भर्पाइ साहुले ऋणीलाई दिँदैन । त्यसरी भर्पाइ नलिइ ऋणिले साहुलाई फिर्ता गरेको रकमलाई कानुनले मान्यता दिइरहेको छैन ।

**समस्याः ३**

साहुले धितोवापत भनेर जग्गाको राजीनामा नै पास गराएको एक जनाको नाममा र तमसुक भने परिवारका अर्कै सदस्यको नाममा बनाएको देखिन्छ । साहुले जग्गा धितोमा राखेको नभएर खरिद नै गरेको जिकिर गर्छन् । ऋणीसँग तमसुक बापतको रकम पनि असुली गरिरहकै हुन्छन् । यस्ता पीडितको हकमा कानुनले तमसुक अनुसारको रकम साहुलाई फिर्ता त गराउँछन् तर साहुबाट ऋणीलाई जग्गा फिर्ता गराउन सकिइरहेको छैन ।

**समस्याः ४**

कसैले जग्गा खरिद गर्दा आवश्यक पैसाको जोहो गर्ने क्रममा केही अपुग रकम ऋणको रुपमा लिँदा साहुले खरिद गर्न लागेको जग्गा धितोको रुपमा आफ्नो नाममा पास गर्न लगाउने र दिएको ऋण रकमको तीन–चार गुणा बढाएर तमसुक पनि बनाइहाल्ने व्यवहार थियो । अहिले आएर ती तमसुक अदालतमा पेश गरेर पैसा असुलिहाल्छन् तर धितोको रुपमा लिएको जग्गा आफैँ खरिद गरेको ढिपी गर्छन् । यस्तो प्रकारका पीडित पनि हामीकहाँ भौतारिरहेका छन् । यस्ता पीडितसँग कानुनले पैसा असुल्न साहुलाई सहयोग गर्छ तर जग्गा फिर्ता गराउन सकिरहेको छैन ।

**समस्याः ५**

ऋण दिएबापत धितो भनेर साहुले आफ्नो नाममा जग्गा पास गराइसकेका छन् । जग्गाको भोग असली जग्गाधनी (ऋणी) ले नै गरिरहेका छन् । तर, कानुनले जग्गाको कागजी स्वामित्व फिर्ता गराउनुपर्नेमा उल्टै साहुलाई नै कायम गराइदिन्छ र असली जग्गा धनी जो ऋणी हुन्छ, उनले लिएको ऋणसमेत फिर्ता गराएर जग्गाबाट समेत उठिबास गराइदिएको देखिन्छ ।

**समस्याः ६**

एउटा कानुनले सुकुम्बासीलाई जग्गा दिने कुरा गर्छ । अर्को कानुन जो पीडितलाई न्याय दिलाउन भनेर ल्याइएको छ त्यसले घरजग्गा भएकालाई पनि उठिबास गराइदिएर सुकुम्बासी बनाइरहेको छ ।

**समस्याः ७**

साहुको रकम वा जग्गा फिर्ता गराउनुछ भने कानुनले निषेधाज्ञा लगाइदिन्छ । र, सोही निषेधाज्ञालाई लम्ब्याइदिएर ऋणिलाई न्याय पाउने अधिकारबाट बन्चित गराइदिन्छ । यहाँ कानुनले निषेधाज्ञाको बहानामा साहुलाई छुट दिइरहेको छ ।

**समस्याः ८**

साहुको रकम ऋणीउपर आयो भने तत्कालै रकम जोहो गर्न नसक्ने ऋणीलाई अदालतमा पेश गरेर थुनामा पठाइदिन्छ ।

**समस्याः ९**

मुख्य मिटरब्याजी प्रमाणित भइसकेको व्यक्तिलाई उपस्थित हुन पुर्जी थमाइन्छ । पुर्जीलाई मिटरब्याजीले वास्ता नै गर्दैन । पीडितलाई भने दिनदिनै जिल्ला प्रशासन कार्यालय धाउन लगाएर यातायात भाडा, खाजा, खाना जस्तो आर्थिक भार लादेर झन् पीडित बनाइरहेको छ ।

**समस्याः १०**

वास्तविक पीडितका लागि सरकारले कानुन त ल्यायो । तर, यो प्रशासनले न्याय दिलाउन सक्दैन, साहुकै पक्षमा प्रशासन रहेको तितो अनुभव हुन थालेको छ । यसले वास्तविक पीडितहरु निराश भइरहेका छन् ।

**समस्याः ११**

राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक अगुवा भनिएका बिचौलिया, प्रशासन, प्रहरी र मिटरब्याजी वरुद्ध संघर्ष समितिभित्रैका बिचौलिया समेतले साहुकै पक्षमा वकालत गर्दा कानुन निरिह भइरहेको छ । यसले पनि वास्तविक पीडितहरुले न्याय पाउन सकिँदैन भनेर छट्पटाइरहेका छन् । उनीहरुले न्यायका लागि अर्को विकल्पको खोजी गर्न थालेका छन् ।

**समस्याः १२**

धनुषा जिल्ला प्रहरी कार्यालयले कानुनको मर्मविपरीत काममा तल्लीन देखिन्छ । मिटरब्याजी सम्बन्धी कानुनको धारा २४९ (क) ले फौजदारी अभियोग लगाएर थुनामा राख्न भने पनि प्रहरीले पीडितले ल्याउने जाहेरी दर्ता गर्दैन । साहुलाई सधारण तारेखमा छोड्छन् । यसले साहुको मनोबल बढिरहेको हुन्छ भने पीडितको मनोबलमा ह्रास आएको देखिन्छ ।

**समस्याः १३**

जिल्ला प्रहरी कार्यालयले प्रमाणलाई मात्र आधार बनाउने कुरा गर्छ । जबकी प्रमाण हेर्ने काम अदालतको हो । अदालतबाट पीडितले न्याय नपाउँदा मिटरब्याजी सम्बन्धी कानुन आएको हो । उक्त कानुनको कार्यान्वयन गराउन आयोग गठन भयो । आयोगले कानुन भन्दा पनि बास्तविक छानबिन गरी पीडितलाई न्याय दिनुपर्ने प्रावधान छ । आयोगले छानबिन गर्न प्रशासनलाई जिम्मेवारी तोकिदियो । प्रशासनले भने वास्तविक छानबिन नगरी प्रमाणलाई मात्रै आधार बनाउँदा फेरि पनि पीडितले न्याय पाउने सम्भावना घट्दै गएको देखिन्छ ।

**समस्याः १४**

पीडितले अदालत र अहिलेको आयोगको बीचमा कुनै फरक नै अनुभूति गर्न सकिरहेका छैनन् । त्यसैले पीडितले आयोगबाट पनि न्याय पाउने आशा मार्न थालेका छन् ।

**समस्याः १५**

जिल्ला प्रशासनले पीडितको समस्यालाई छानबिन नगरी फाइल पेन्डिङमा राख्ने, साहुलाई नबोलाइदिने, निषेधाज्ञाको बहाना गर्ने जस्ता व्यवहारबाट प्रताडित भई पीडितहरु आयोगसमक्ष पुग्छन् । आयोगले झुठा आश्वासन दिएर कार्यान्वयनका लागि जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा पठाउँछ । तर, जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयले आयोगको निर्देशनलाई वास्तै गर्दैन ।

**समस्याः १६**

यहाँका वकिलहरुले मिटरब्याजी कानुनलाई वास्तै नगरी निषेधाज्ञा लागएर पीडितलाई झन् पीडित हुनेगरी आर्थिक भार दिएर न्यायबाट बन्चित गराइरहेका छन् । उनीहरुले पनि साहुलाई नै संरक्षण गरिरहेका छन् ।

**समस्याः १७**

साहुले वास्तविक ऋण लिएको रकमको तीनदेखि चार गुणासम्म तमसुक बनाउने, ३६ प्रतिशत ब्याज जोड्ने र ब्याजलाई पनि मूलधन बनाएर स्याज असुल्न खोज्दा चर्को ब्याजभारको कारण ऋणीले रकम फिर्ता गर्न असमर्थ हुने समस्या सही हो । तर, एकमुष्ठ नदिए पनि ऋणीले बीचबीचमा थोरै थोरै गरी सबै रकम फिर्ता पनि गरिदिन्छन् र थुनामा पनि जानुपर्छ अनि धितो भनेर राजीनामा पास गरिदिएको जग्गा पनि गुमाउन पुग्छन् ।

**समस्याः १८**

३६ प्रतिशत ब्याज र ब्याजको ब्याज दिन नपर्ने कानुन आएपछि साहुहरुले ऋण दिएकै छैन, जग्गा नै खरिद गरिसकेको भनेर ढिप गर्न थालेका छन् । यस्ता समस्याहरु कानुन आएर पनि समाधान हुन नसकिरहेको हामीले भोगिरहेका छौँ ।

## जिल्ला नेतृत्व कमजोर, पार्टी नाजुकः यादव

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल पर्साको आयोजनामा बुधबार अगुवा कार्यकर्ता भेला एवम् चियापान कार्यक्रम भएको छ । कार्यक्रममा पार्टीका जिल्लाभरका नेता कार्यकर्ताको उपस्थिति थियो ।

पार्टीका प्रमुख सचेतकसमेत रहेका पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य प्रदीप यादवले पार्टी मजबुत हुँदाहुँदै पनि नेतृत्व कमजोर हुँदा पार्टी नाजुक अवस्थामा पुगेको भए पनि अहिले आएको नयाँ नेतृत्वले पार्टी चलायमान बनाउने विश्वास व्यक्त गरे । 'संगठन छ, नेता कार्यकर्ता छन् तर पनि जिल्ला कमाण्डर (नेतृत्व) कमजोर र



अरुको बैशाखी बन्दा पार्टी नाजुक बन्न पुग्यो,' उनले भने, 'अरुको बैशाखी बनेको कमजोर नेतृत्वलाई जिल्लाभरका साथीहरुको प्रयासले पाखा लगाएर मजबुत नेतृत्व चयन गरेसँगै पर्टीमा उत्साह र चलायमान बन्ने आशा जगाएको छ ।' अब पार्टीको कार्यक्रम दिनहुँ हुने भन्दै उनले पार्टी चलायमान र गतिशील बनाउँदै जिल्लाको चार वटै क्षेत्रमा पार्टीलाई बलियो बनाउने अभियान अघि बढ्ने बताए । फरक प्रसंगमा उनले अहिले देशको राजनीतिक अवस्था ठीक नभएको भन्दै संघीयता धराप पार्न केही तत्व लागिपरेको बताए । तराईलाई मरुभूमिकरण बनाउने षड्यन्त्रस्वरुप सरकारले सदनमा पेश गर्न लागेको विधेयक फिर्ता नल्याए सरकारबाटै आफूहरु बाहिरिने चेतावनी पनि उनले दिए । कार्यक्रममा जसपाका केन्द्रीय सदस्यसमेत रहेका वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले पर्सा जिल्लाका १–२ जना बाहेकका सबै नेता कार्यकर्ताको साथ रहेकाले यही आधिकारिक नेतृत्व रहेको बताए । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य मोहनलाल चौधरी, जनार्दन यादव, भीमा यादव, संघीय परिषद सदस्य विपिन यादव, शिवजी सोनी, जिल्ला समन्वय समितिका सभापति अजय सर्राफ, प्रेमबाबु पटेल, विभिन्न वडाका वडाध्यक्ष लगायतको सहभागिता थियो । पार्टीका जिल्ला अध्यक्ष सिंगासन साह तेलीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सहजिकरण पार्टीका जिल्ला सचिव उमेशलाल सहनीले गरेका थिए ।

## फोहोर गर्नेबाट साढे २१ लाख असुल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले सडक, नाला तथा खाली जग्गमा जथाभावी फोहोर फाल्नेलाई जरिवानाबाट २१ लाख रुपैयाँ भन्दा बढी राजश्व संकलन भएको छ । सडकमा जथाभावी फोहर फ्याँक्नेसँग २०७९ पुस १७ गतेदेखि जरिवाना तिराउन सुरु गरेको महानगरपालिकाले असोजसम्म विभिन्न व्याक्ति तथा संघसंस्थाबाट २१ लाख ५३ हजार ५ सय रुपैयाँ जरिवाना असुल गरेको वीरगंज महानगरापलिकाका सरसफाइ शाखा प्रमुख सरफुद्दिन मियाँले जानकारी दिए । चालु आर्थिक वर्ष २०८०÷८१ को साउनदेखि असोजसम्म मात्रै ६ लाख १७ हजार रुपैयाँ जरिवाना संकलन गरिएको मियाले बताए ।

त्यसअघि गत आर्थिक वर्षमा पुस १७ गतेदेखि असार ३१ सम्म १५ लाख ३६ हजार पाँच सय पाँच रुपैयाँ राजस्व सं◌कलन भएको मियाले जानकारी दिए ।

महानगर क्षेत्रलाई सुन्दर, सफा, स्वच्छ र पर्यावरणयुक्त नमूना महानगर बनाउने उद्देश्यका साथ नियमित सरसफाइसँगै जथाभावी फोहर फ्याल्नेलाई जरिवाना गर्दै आएको मधेश प्रदेशको एकमात्र महानगरपालिका वीरगंज महानगरपालिकाले सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने तयारी गरेको छ ।

महानगरका सडक तथा गल्लीमा जथाभावी फोहर फ्याल्नेसँग जरिवाना तिराउँदै आएको महानगरपालिकाले अब जरिवानासँगै फोहर फ्याँक्नेउपर सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने तयारी गरेको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख मियाले जानकारी दिए । सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ । महानगरपालिको वडा नम्बर १ देखि ३२ वटै वडामा वीरगंजस्थित पृथी तारा एमके इनरनेसनल जेभीसँग २०७६ साल जेठ २ गते सम्झौता गरी नियमित सरसफाइ गर्दै आएको छ ।

विगतमा डम्पिङ साइट नहुँदा फोहोरमैला व्यवस्थापनमा समस्या हुँदै आएकामा चार वर्षअघि महानगरले आफ्नो डम्पिङ साइट बनाएपछि फोहरमैला व्यवस्थापनमा अहिले कुनै समस्या नरहेको मियाले बताए । विगत केही वर्षअघिसम्म अस्तव्यस्त र दुर्गन्धित नगरका रूपमा परिचित महानगर क्षेत्रलाई सरसफाइ दृष्टिले मुलुककै नमूना महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाइएपछि यतिबेला वीरगंज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको छ ।

## सातदिने तालिम सम्पन्न



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
हिन्दू स्वयमसेवक संघ नेपाल जनकपुरधामद्वारा सातदिने प्राथमिक शिक्षा कक्षा तालिम दिव्यपथ तथा प्रदर्शनी बुधबार समापन भएको छ । समापनमा मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री चन्दनसिंह कुशवाहाको उपस्थिति थियो ।

उनले हिन्दू स्वयमसेवक संघ नेपाल नेपालको सामाजिक तथा धार्मिक कार्यमा पूर्ण समर्पणका साथ क्रियाशील रहेको बताउँदै जुनसुकै दैवीप्रकोपमा स्वयमसेवक सधैँ तत्पर रहेको बताए । उनले तालिम लिइरहेका छात्रहरू राष्ट्रप्रति समर्पित रहनु पर्ने बताए ।

समापन समारोहमा प्राज्ञिक विद्यार्थी परिषद् नेपालका राष्ट्रिय संगठन सचिव डा.नारायणप्रसाद ढकाल, कक्षा अधिकारी मोहन अधिकारी, पवन ठाकुर, प्रदीप शर्मा, लक्ष्मण यादव, बिमल साह, डा.सत्यनारायण साह, रघुनाथ महतो, सन्तोष साह, गोपीनाथ साह, डा. अरविन्द लोहनी, प्रभुदयाल जालानलगायतको उपस्थिति थियो ।

कार्तिक ९ गते सुरु भएको प्राथमिक शिक्षा कक्षा कार्यक्रममा धनुषा, महोत्तरी, सिरहाका ८० बालबालिकालाई समावेश गरिएको थियो ।

## 'बयासी असार मसान्तसम्म मौका देऊ'



**मधेशदृष्टि**
**वीरगंज ।**
बारा–पर्सा ईट्टा उद्योग व्यवसाय संघले बुधबार छुट्टाछुटैरुपमा जिल्ला प्रशासन कार्यालय पर्सा र बारामा ज्ञापनपत्र बुझाउदै बैंकको कर्जाको किस्ता र ब्याज बुझाउने अवधि वृद्धि गर्न सरकारसँग माग गरेका छन् ।



जिल्ला प्रशासन कार्यालयमार्फत अर्थ मन्त्रालयमा बुझाइएको ज्ञापनपत्रमा बारा–पर्सा ईट्टा उद्योग व्यवसायीले भौतिक संरचना निर्माणका लागि महत्वपूर्ण रहेको ईट्टा उद्योग दयनीय रहेको र कोभिड १९ पछि थलिएको ईट्टा व्यवसाय माथि उठन नसकेको तथा बैंकको किस्ता तथा ब्याजले चर्को मारमा परेको बताए । उनीहरुले बैंकको किस्ता र ब्याजको अवधि वृद्धि गर्न माग गरे । बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी, पुनःकर्जा लगानी हुन नसक्दा व्यवसायी मारमा परेको र २–३ वर्ष यता ईट्टा बिक्री हुन नसक्दा चरम वित्तीय संकट सिर्जना भएको उल्लेख गरिएको छ । यस्तो अवस्थामा बैंकबाट लिइएको ऋणको किस्ता र ब्याज तोकिएको भाकामा बुझाउन नसकिएको अवस्थामा किस्ता र ब्याजको अवधि वृद्धि गर्न माग गरिएको हो । विज्ञप्तिमा संकटपूर्ण अवस्थाबाट ईट्टा उद्योग गुज्रिएको हुँदा उद्योग सञ्चालनका लागि लिइएको बैंकको कर्जा सावा ब्याजको किस्ता बुझाउने अवधि २०८२ साल असार मसान्तसम्म कायम गर्न अर्थमन्त्रीसँग माग गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन